# प्रभाव दैनिक
National Daily

ई-पेपरका लागि

वर्ष १० | अंक ४४ | काठमाडौं | मंगलबार, २३ जेठ २०८० | Prabhab National Daily | Tuesday, June 6, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


## संकटमा एमाले नेतृत्वको कोशी सरकार



■ प्रभाव संवाददाता

- सरकार छाड्नेबारे सोमबारबाट छलफल थालेको माओवादी आज थप छलफलमा जुट्दै
- कांग्रेस 'पर्ख' र 'हेर'को दाउमा मौन बस्दा मुख्यमन्त्री हिक्मत कार्की छैनन् सत्ता छाड्ने मुडमा
- एकीकृत समाजवादीकी निर्मला लिम्बूले एक हप्ताअघि नै सरकार छाडेर नयाँ गठबन्धनका लागि मार्गप्रशस्त

**काठमाडौं–** निर्वाचनलगत्तै संघदेखि प्रदेश सरकारमा कब्जा जमाएको नेकपा एमाले माओवादी केन्द्रले गठबन्धन परिवर्तन गरेसँगै कोशी प्रदेशमामात्र सीमित हुनपुग्यो । संघ र अन्य प्रदेशमा एमाले सरकार क्रमश: ढले पनि कोशीमा एमालेले आफ्नो नेतृत्वमा सरकार चलाइरहेको छ । तर, एमालेको एकमात्र कोशी प्रदेश सरकार पनि संकटको संघारमा पुगेको छ ।

प्रदेशको नामाकरणसँगै विवादको घेरामा परेको कोशी प्रदेशमा एमाले नेतृत्वको सरकार संकटमा परेको हो । गत फागुन १७ गते प्रदेशको नामाकरण कोशी भएको थियो । त्यसयता मुख्यमन्त्री हिक्मत कार्कीको सरकारविरुद्ध निरन्तर आन्दोलन जारी छ ।

यता केन्द्रीय सत्ता गठबन्धन पनि कार्की नेतृत्वको सरकार ढलाउन लागिपरेको छ । नेपाली कांग्रेस संसदीय दलका नेता उद्दव थापाका अनुसार केही दिनमै मुख्यमन्त्री कार्की नेतृत्वको सरकार ढल्नेछ । 'माओवादीको छलफल प्रारम्भ भएको छ । तीन-चार दिन लाग्ला निष्कर्ष आउन,' नेता थापाले प्रभावसँग भने । माओवादीले सरकार छाड्ने र त्यसपछि सरकार कसरी बनाउने भन्नेबारेमा छलफल गरी दृष्टिकोण निर्धारण गरिने उनले बताए । 'गठबन्धनमा रहेका दलहरू फिर्ता भएपछि छलफल राखेर दृष्टिकोण बन्छ, लगत्तै हामी अघि बढ्छौं,' नेता थापाले भने ।

कोशीमा एमाले नेतृत्वको सरकार ढलाउन गठबन्धनले निर्णायक मानिएकी जनता समाजवादीकी

(बाँकी पृष्ठ ६ मा)

# नागरिकता विधेयकमा प्रधानमन्त्री र सांसदको चर्काचर्की

## 'भैंसी' पसेपछि सत्तापक्ष-प्रतिपक्षबीच 'ब्याटल'



- प्रधानमन्त्रीलाई एमाले, रास्वपा र राप्रपाका सांसदहरूको प्रश्नैप्रश्न
- प्रधानमन्त्रीको बचाऊमा उत्रिए कांग्रेस सांसद

■ जेबी योञ्जन

**काठमाडौं–** भारत भ्रमणबाट फर्किएपछि प्रधानमन्त्री पुष्पकमल दाहाल सोमबार संसद्मा विपक्षी दलका सांसदहरूको घेराबन्दीमा परे । उनलाई विपक्षी सांसदहरूले नागरिकता विधेयक प्रमाणीकरण र उनको भारत भ्रमणमा केन्द्रित रहेर प्रश्नैप्रश्न गरे ।

उसो त प्रधानमन्त्री दाहालले संसद् बैठक बस्नुअघि नै सभामुख देवराज घिमिरेसँग विपक्षी दलहरूको मुख्य चासो आफूलाई थाहा भएको र संसद्मा त्यसबारे प्रस्टीकरण दिने बताएका थिए । संसद् बैठक अवरोध कायम रहँदा बजेट पारित गर्न समयको चाप परेको भन्दै सभामुखले सरकारको तर्फबाट लचकता अपनाएर भए पनि संसद्को अवरोध हटाउन दाहाललाई आग्रह गरेका थिए ।

जवाफमा प्रस्टीकरण दिने बताएका दाहालले सुरुमा एमाले सांसद योगेशकुमार भट्टराईको नागरिकता विधेयक प्रमाणीकरणसम्बन्धी प्रश्नको सामना गर्नुपऱ्यो । उनले भने, 'विधेयकको सन्दर्भमा हाम्रो संविधानको धारा ११०, १११, ११३ र ११४ ले अध्यादेश बन्छ । १११, ११० र ११३ ले विधेयक प्रमाणीकरण गर्ने कुरा गरेको छ । अनि, संसद्लाई ढाँट्ने ?'

संविधानत: धारा ११० ले संसद्मा विधेयक प्रस्तुत गर्ने, १११ ले विधेयक पारित गर्ने र ११३ ले विधेयक प्रमाणीकरण गर्ने प्रक्रिया उल्लेख छ । यस आधारमा सांसद भट्टराईले भनेजस्तै धारा १११ र ११३ ले विधेयक बन्दैन ।

तर, विधेयक बन्ने र प्रमाणीकरणबारे उल्लिखित संवैधानिक प्रावधानबारे गलत तथ्य पेस गर्दै सांसद भट्टराईले प्रधानमन्त्रीमाथि निकै आक्रोशका साथ प्रश्न गरेका थिए । प्रधानमन्त्री दाहालले भट्टराईको प्रश्नमा जवाफ दिँदै नागरिकताविहीनलाई संविधानअनुसार नागरिकता दिन लाग्दा विधेयकलाई लिएर अनावश्यक विवाद झिकिएको उल्टै आरोप लगाए ।

'अब यो परिस्थितिमा नागरिकताको विषयलाई अनावश्यक ढंगले विवादित बनाउनु जनताले कसरी

(बाँकी पृष्ठ २ मा)

सन्दर्भ : वैदेशिक रोजगार

# 'भिजिट भिसा'मा जाने कामदार उच्च जोखिममा

■ प्रभाव संवाददाता

**काठमाडौं–** वैदेशिक रोजगार विभागले पछिल्लो समय रोजगारीका लागि 'भिजिट भिसा'मार्फत विदेश जाने कामदार ठगिने क्रम बढ्दै गएको जनाएको छ । विभिन्न व्यक्ति तथा संस्थाहरूले आकर्षक तलब सुविधाको प्रलोभन देखाउँदै भिजिट भिसामा विभिन्न मुलुकमा कामदार पठाउँदा ठगिने क्रम बढ्दै गएको विभागले उल्लेख गरेको छ ।

विभागले एक विज्ञप्ति जारी गर्दै ठगी गर्नेले कन्सल्टेन्सी, व्यक्तिगत मोबाइल नम्बर, फेसबुक, युटयुबलगायतका सूचना प्रविधिको प्रयोग गरी नेपाली युवाहरूलाई फिलिपिन्स, इजरायल, माल्टालगायत देशमा आकर्षक तलब सुविधाको प्रलोभन देखाउने र ठूलो रकम असूल गरी भाग्ने गरेको उल्लेख छ । साथै, ठगीमा संलग्नहरूले नेपालीहरूलाई भिजिट भिसामा ती मुलुकमा पठाएर अलपत्र बनाउने गरेको घटनासमेत बढ्दै गएको बताइएको छ । जसका कारण अहिले विभागमा वैदेशिक रोजगारसम्बन्धी ठगीका मुद्दाहरू बढिरहेको विज्ञप्तिमा जनाइएको छ ।

रोजगारीका लागि प्रलोभनमा परी भिजिट भिसामा जाने अधिकांश प्रमाणविहीन हुँदा विभागले पीडितलाई समयमा न्याय प्रदान गर्न कठिनाइ भइरहेको जनाएको छ । सामाजिक




सञ्जाललगायत विभिन्न माध्यमबाट हुने ठगीका घटना बढ्दै गएका कारण वैदेशिक रोजगारीमा जान चाहने युवाहरूलाई विस्तृतरूपमा बुझेरमात्रै निर्णय लिन विभागले आग्रहसमेत गरेको छ । यदि, वैदेशिक रोजगारीका लागि जाने नै भए विभागबाट इजाजत प्राप्त संस्था (म्यानपावर)मार्फत वैधानिक ढंगबाट जान पनि सुझाइएको छ । विभागले ठगीमा पर्नबाट बच्न र ठगी गर्ने व्यक्ति तथा संस्थाहरूबारे समयमा सूचना दिएर ठगी नियन्त्रणमा सहयोग गर्न पनि सबैलाई अनुरोध गरेको छ । ठगीमा संलग्नहरूलाई प्रचलित कानुनबमोजिम कडा कारबाही गर्ने विभागले चेतावनी दिएको छ ।

यस्तै युरोपका कतिपय मुलुकमा नेपाली कामदारको माग भए पनि मागपत्र प्रमाणीकरणका लागि समस्या भएकाले त्यस्ता मुलुकमा व्यक्तिगतरूपमा भिजिट भिसामा जाने संख्या बढ्दो रहेका कारण ठगीका घटना बढिरहेको विभागका महानिर्देशक मदन दाहालले श्रम मन्त्रालयले आयोजना गरेको एक कार्यक्रममा बताएका थिए । उनले विभिन्न माध्यमबाट अवैधरूपमा विज्ञापन गर्ने, प्रलोभनमा पार्ने, आफ्नो क्षेत्रभन्दा बाहिर गएर वैदेशिक रोजगारसम्बन्धी गतिविधि गर्ने संस्थाहरूलाई समेत कारबाहीको दायरामा ल्याउन आवश्यक गृहकार्य भइरहेको बताए । विभागमा भएको तथ्यांकअनुसार चालु आर्थिक वर्षको साउनदेखि वैशाखसम्म ९२५ वटा ठगी मुद्दाका उजुरी दर्ता भएका छन् । जसमा ७५ करोड ७७ लाख ४१ हजार २१४ रूपैयाँ ठगी भएको दाबीसहित उजुरी गरिएको छ ।

## पानीजहाज निर्माणमा पनि नेपालीलाई अवसर

**काठमाडौं (प्रस)–** दक्षिण कोरियाले रोजगार अनुमति प्रणाली (इपिएस) मार्फत पानीजहाज निर्माणका लागि नेपालीहरूलाई पनि अवसर दिने भएको छ । कोरियाको मागअनुसार पानीजहाज निर्माणसम्बन्धी कामका लागि सरकारले सुरुमा ७२६ जनाको नामावली पठाइसकेको छ ।

कोरियाले जुन १९ अर्थात् असार पहिलो साताबाट नेपालसहित अन्य इपिएस लागू गरिएका मुलुकहरूबाट कामदार लैजाने जनाएको छ । पहिलो चरणमा इपिएस सदस्य मुलुकबाट कोरियाले दुई हजार कामदार लैजाने बताइएको छ । जहाज निर्माण कम्पनीहरूमा कामदारको अभाव बढ्दै गएपछि कोरियाले उत्पादनमूलक र कृषि तथा पशुपालन क्षेत्रमामात्रै नभई 'शिप बिल्डिङ'मासमेत कामदार लैजान लागेको हो ।

पानीजहाज निर्माणसम्बन्धी काम गर्न नेपालीहरूको माग भएअनुसार उत्पादनमूलक क्षेत्रको रोस्टरबाट छानिएका कामदारहरूलाई कोरिया पठाइने वैदेशिक रोजगार विभागअन्तर्गत इपिएस शाखाका निर्देशक पुष्पराज कटुवालले जानकारी दिए । 'शिप बिल्डिङमा तीन हजार कामदारको माग भए पनि पहिलोपटक थोरैमात्र कामदार पठाउने गरी रोस्टर पठाएका छौं,' उनले भने, 'यो क्षेत्र नयाँ भएकाले अहिलेलाई थोरैमात्र कामदार पठाएर बाँकीलाई विस्तारै पठाउनेगरी रोस्टर बनाउँछौं ।'

पानी जहाज निर्माणमा जाने नेपालीहरूले एक महिनाको तालिम लिनुपर्नेछ । कामदारले तालिम अवधिको पनि पारिश्रमिक पाउने छन् । जहाज निर्माणका लागि जाने कामदारहरू उत्पादनमूलक क्षेत्रबाटै छनोट गरिने र उनीहरूको करार अवधि पनि सोहीबमोजिम हुने शाखाले जनाएको छ । तर, कामदारले कार्यस्थल परिवर्तन गर्न चाहेमा अर्को उस्तै कम्पनीमामात्रै जान पाइने बताइएको छ ।




## नागरिकता विधेयक...

पृष्ठ १ बाट जारी

बुझ्ने ? तपाईं हामीले कसरी बुझ्ने ? हामी सबै एकैठाउँमा रहेछौं,' उनले संसद्मा भने, 'जन्मसिद्ध नागरिकका छोराछोरीले नागरिकता पाउनुपर्छ भन्ने कुरा र आमाबाबुको कुरामा त एकै ठाउँमा छौं । अहिले किन दुई ठाउँमा हुन बल पुऱ्याएका छौं । पहिला त १५ वर्ष हुनुपर्छ भनिन्थ्यो । त्यसपछि सात वर्षमा आयो । अहिले किन यस्तो भयो भन्नुभयो । तपाईंहरूले सात वर्ष किन नराख्या ? खै १५ वर्ष ?'

प्रधानमन्त्री दाहाललाई एमालेकै सचेतक महेश बर्तौलाले नेपाली भूमि साटफेर गर्नेबारे प्रश्न सोधे । उनको प्रश्न थियो, 'प्रधानमन्त्रीलाई भूमि साटफेर गर्ने अधिकार कसले दियो ?'

प्रधानमन्त्री दाहालले भने भारतले अतिक्रमण गरेको नेपाली भूमि कालापानी, लिपुलेक र लिम्पियाधुराबारे साटफेर गर्ने कुरा नगरेको प्रस्टीकरण दिए । आफूले 'बंगलादेशको मोडलअनुसार भूमि साटफेर गरेर सीमा समस्या समाधान गर्न सकिने विकल्प नेपाली विज्ञहरूले दिने गरेका छन्' मात्रै भनेको बताए ।

'कालापानीबारे मैले कहीँ पनि विकल्प यो (साटफेर) हुन्छ र यसमा जाऔं भनेको छैन । प्रस्ट होस् । मैले नेपालको भूमि नेपालकै हुनुपर्छ भनेको हो । केही बुद्धिजीवीहरूले सीमा समस्या समाधान गर्न बंगलादेशी मोडल अपनाउन सकिन्छ भनेका हुन्,' दाहालले भने, 'उनीहरूले बंगलादेश जाने बाटो पाउन सके कालापनी साट्न सकिन्छ भनेका हुन् । मैले त सीमा समस्या हल गर्नुको विकल्प नरहेको कुरा राखेको हुँ ।'

प्रधानमन्त्री दाहाललाई एमाले अध्यक्ष केपी शर्मा ओलीले बंगलादेश जाने बाटोसँग कालापानी, लिपुलेक र लिम्पियाधुरा साट्न नसकिने बताए । दाहालले आफूले भारत भ्रमणको क्रममा भारतीय समकक्षी नरेन्द्र मोदीसँग भूमि साटफेरको कुरै नगरेको दाबी गरे पनि ओलीले सोही प्रसंग फेरि उप्काएका हुन् ।

'उहाँले बोलेको भिडियो रेकर्डमा छँदै छ । बंगलादेश जाने बाटोसँग लिम्पियाधुरा र लिपुलेक सट्टापट्टा गर्ने खालका अभिव्यक्ति सस्वर आएका छन्,' उनले प्रधानमन्त्रीलाई लक्षित गर्दै भने, 'म के स्पष्ट सम्झाउन चाहन्छु भने बंगलादेश जाने बाटो वा पारवहनको विषय सट्टापट्टाको विषय होइन ।'

प्रधानमन्त्रीलाई सीमा समस्या र नागरिकता विधेयकबारे प्रश्न गरेर च्याखच्याख पार्ने सांसदहरू एमालेकामात्रै थिएनन् । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सांसद रवि लामिछाने पनि थिए । उनले प्रधानमन्त्रीलाई संसद्को अधिकार छलेर विधेयक प्रमाणीकरण गर्न मिल्छ ? भन्दै प्रश्न गरे ।

राष्ट्रिय जनमोर्चाका सांसद चित्रबहादुर केसीले पनि नागरिकता विधेयक प्रमाणीकरण गरेर भारतको जनसांख्यिक अतिक्रमणलाई बल पुऱ्याउन सरकार तल्लीन भएको टिप्पणी गरे । प्रधानमन्त्री दाहालप्रति राप्रपा सांसद रोशन कार्की भारत भ्रमणअघि नागरिकता विधेयक प्रमाणीकरणको टिकट किन चाहियो भन्दै कड्किइन् ।

रास्वपा सांसद तथा पूर्वमन्त्री शिशिर खनालले भने 'प्रधानमन्त्री भारतबाट भैंसी चढेर आएको' भन्न भ्याए । खनालको यो अभिव्यक्ति असंसदीय र अमर्यादित भन्दै प्रधानमन्त्रीको दल माओवादीले आपत्ति जनायो । अन्ततः सभामुख देवराज घिमिरेले 'भैंसी चढेर आएको' भनाइ संसद्को रेकर्डबाट हटाउन निर्देशन दिए ।

खनालले भनेका थिए, 'प्रधानमन्त्रीज्यूको भारत भ्रमणको क्रममा हामी चाहन्थ्यौं, उहाँ प्लेन चढेर भर्खर उहाँले नै उद्घाटन गरेको पोखरा विमानस्थलमा झर्नुहुन्छ होला भनेर । दुर्भाग्यवश भैंसी चढेर आउनुपरेका कुराहरू आए ।'

सांसद खनालले भारत भ्रमण सकेर फर्किने क्रममा भारतबाट प्रधानमन्त्रीले १५ वटा मुर्रा राँगो ल्याएको र अन्य केही उपलब्धि भ्रमणमा नभएको अर्थमा व्यंग्य गर्दै टिप्पणी गरेका थिए । बैठकमा एमालेका सांसदहरू सूर्य थापा र रघुजी पन्तले पनि प्रधानमन्त्रीमाथि प्रश्न गरेका थिए ।

यसरी विपक्षी दलहरू एमाले, रास्वपा र राप्रपाका सांसदहरूको प्रश्नैप्रश्न वर्षाएपछि प्रमुख सत्ता साझेदार दल नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्माले प्रधानमन्त्रीको बचाऊ गरे । 'कुनै विधेयक प्रतिनिधिसभामा प्रस्तुत भई विचाराधीन रहेको वा प्रतिनिधिसभामा पारित भई राष्ट्रिय सभामा विधाराधीन विधेयक रहेको अवस्थामा प्रतिनिधिसभा विघटन भएमा वा त्यसको कार्यकाल समाप्त भएमा त्यस्तो विधेयक निष्क्रिय हुनेछ भन्छ,' शर्माले भने, ' तर नागरिकता विधेयक प्रतिनिधिसभा र राष्ट्रिय सभामा विचाराधीन थिएन ।'

नागरिकता विधेयक प्रमाणीकरण गर्नु संवैधानिक हो भन्ने तर्क गर्ने सन्दर्भमा शर्माले यसो भनेका हुन् । कांग्रेसकै अर्का सांसद राजेन्द्रकुमार केसी पनि प्रधानमन्त्री दाहालको बचाऊमा उत्रिए । उनले त दाहालको प्रशंसा नै गरेका थिए ।

प्रधानमन्त्री दाहाल यही १९ जेठमा चार दिने औपचारिक भ्रमण सकेर नेपाल आएका हुन् । त्यस क्रममा ऊर्जा व्यापार, पारवहनलगायत केही महत्त्वपूर्ण सम्झौता नेपाल-भारतबीच भएको थियो । सोही क्रममा भारतले नेपाललाई सात वर्षअघि भएको एउटा सहमतिअनुसार १५ वटा मुर्रा राँगा पनि दिएको थियो । सोही मुर्रा राँगालाई लिएर विपक्षी दलहरूले प्रधानमन्त्रीलाई कटाक्ष गरेका हुन् ।

सीमा समस्या समाधानका विषयमा पनि प्रधानमन्त्री समकक्षी मोदीसँग नबोलेको भन्दै आलोचना गरेका हुन् । यस्तै, प्रधानमन्त्री भारत भ्रमणमा निस्किनुभन्दा (१६ जेठमा) करिब एक घण्टाअघि राष्ट्रपति कार्यालयमा विचाराधीन रहेको नागरिकता विधेयक प्रमाणीकरण राष्ट्रपतिबाट गराएपछि विपक्षीहरूले प्रश्न उठाएका हुन् ।


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SHATRA FOUNDATION FOR SERVING MEALS

पूर्व स्वीकृति मिति: २०८०/०२/२२ LT. No. 287238 चलानी नं. ६०२०२५९५

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: SR | मासिक तलव: ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Restaurant Labour | 1 | 0 | 1000 | ३५,१९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेष्ठ ३० गते (13th June. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ९५४/०६७/६८

**VARSHA MANPOWER PVT. LTD.**
**(STAR INTERNATIONAL HUMAN RESOURCE PVT. LTD.)**
Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : WORKFOCE DECORATION

पूर्व स्वीकृति मिति : २०८०/०२/२२ LT. No. 287255 चलानी नं : ६०२०२६०६

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: QR | मासिक तलव: ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Foreman | 8 | 0 | 2500 | ९१००९ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | INTERVIEW DESIGN | 5 | 0 | 3000 | १०९२११ | | | | | | | |
| 3 | SUPERVISIOR | 8 | 0 | 2500 | ९१००९ | | | | | | | |

कम्पनी : AL AFFAN HOSPIALITY AND SERVICES

पूर्व स्वीकृति मिति : २०८०/०२/२२ LT. No. 287256 चलानी नं : ६०२०२६०५

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: QR | मासिक तलव: ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Foreman | 10 | 0 | 2500 | ९१००९ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | general manager | 5 | 0 | 6500 | २३६६२५ | | | | | | | |
| 3 | Representative | 5 | 0 | 2500 | ९१००९ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेष्ठ ३० गते (13th June. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १३०२/०७४/०७५

**Lucky Human Resource Pvt.Ltd.**
G.P.O Box : 815, Pingalasthan-08. Gaushala, Kathmandu, Nepal Tel :01 4589501, 014589401
E-mail: luckyhumanhr@gmail. Website : www.luckyhumanresource.com.np


# रंगेली नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
रंगेली, मोरङ्ग
कोशी प्रदेश, नेपाल

## जग्गा खरीद गर्ने सम्बन्धी १५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति: २०८०/०२/२३

परम्परागत रुपमा माटोको भाडा बनाई जिविकोपार्जन गर्ने कुमाल जातिको लागि उपयुक्त माटो नहुँदा उनीहरुको पेशा संकटमा पर्ने देखिएकोले उक्त जातिको लागि माटो व्यवस्थापन गर्न तपसिल बमोजिम क्षेत्रफल र चौहद्दी भित्र उपयुक्त जग्गा नि:शुल्क प्राप्ति गर्न मिति २०८०/०१/२१ मा सार्वजनिक सूचना प्रकाशन गरिएकोमा समयसीमा भित्र कुनै पनि निवेदन प्राप्त नभएको र मिति २०८०/०१/२० गते बसेको कार्यपालिका बैठकले नि:शुल्क जग्गा प्राप्त नभए जग्गा खरीद गर्ने निर्णय गरे अनुसार इच्छुक व्यक्तिहरुका लागि आजका मितिबाट पन्ध्र (१५) दिने जग्गा खरीद सम्बन्धि सार्वजनिक सूचना प्रकाशित गरिएको छ। जग्गा बिक्री गर्न इच्छुक व्यक्तिहरुले मिति २०८०/०३/०४ गते भित्र यस रंगेली नगरपालिकाको कार्यालयमा आफुले बिक्री गर्न चाहेको जग्गाको नक्सा, जग्गाधनी दर्ता प्रमाणपत्र, नागरिकता प्रमाणपत्रको फोटोकपी, चालु आ.व.को मालपोत तिरेको रसीद संलग्न राखी जग्गाको मूल्य उल्लेख गरी रु. १०००।- को दरभाउपत्र फारम दस्तुर राजश्व शाखामा बुझाई सोको रसीद समेत संलग्न राखी रंगेली नगरपालिकाको कार्यालयमा शिलबन्दी निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ।

**तपसिल**

१. भारतको सीमान देखि १ कि.मि. उत्तर, मुख्य बाटोको पश्चिम, कालु राजवंशीको जग्गा देखि दक्षिण हाल नयाँ कच्ची बाटोको पूर्व क्षेत्र ।
२. खोला/नदीले कटान नगरेको ।
३. न्यूनतम ५ देखि अधिकतम १० कठ्ठा सम्म ।
४. बाटोले नछोएको ।

नोट: निवेदनको ढाँचा राजश्व शाखाबाट प्राप्त गर्न सकिनेछ। दरभाउपत्र १६ औं दिन वा सो दिन सार्वजनिक परेमा त्यसको भोलिपल्ट खोलिनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**


## अधितकम बिक्री मूल्य प्रकाशनको सूचना

बायो प्लस मेडिको प्रा.लि. बाट KX5600 कम्पनीको साथै विभिन्न अरु कम्पनीहरूको अल्ट्रा साउण्ड मेसिनहरू ULTRA SOUND (USG MACHINE) सप्लाई गरिने हुनाले प्रति सेटको मूल्य सूची निम्न अनुसार रहेको छ ।

| क्र.सं. | विवरण | परिमाण | मूल्य |
|---|---|---|---|
| १ | अल्ट्रा साउण्ड मेशिन (USG MACHINE BLACK IN WHITE) | सेट SET | रु.९,५०,०००।- |

उक्त मूल्य भ्याट सहितको मूल्य रहेको र उक्त मूल्यमा ढुवानी साथै SPECIAL DISCOUNT OFFER पनि दिन सकिने जानकारी गराउँदछौं र साथै यस कम्पनीको AUTHORIZE DISTRIBUTOR बायो प्लस मेडिको प्रा.लि. भएको जानकारी गराउदछौं ।

**बायो प्लस मेडिको प्रा.लि.**
कुलेश्वर, काठमाडौं, फोन : ९८६०४३४४१९


## अधिकतम खुद्रा बिक्री मूल्य (MRP) सुची प्रकाशन सूचना

यस अल्फा अटोमोटीभ प्रा. लि. ले T.G Auto Group Pvt. Ltd. द्वारा नेपालमै Assembled गरिएको देहाय मालवस्तुहरुको अधिकतम खुद्रा मूल्य (MRP) निम्नानुसार भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि.न. | मालवस्तुको विवरण | आकार/ प्रकार | ब्राण्ड | मोडेल | क्षमता (CC) | उत्पतिको मुलुक / राष्ट्र | इकाई | मूल्य प्रति इकाई | अधिकतम खुद्रा इकाई मूल्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | Royal Enfield Classic 349.34 cc | Motorcycle | Royal Enfield | Classic | 349.34 CC | नेपाल | १ | 4,99,000.00 | 4,99,000.00 | |
| २ | Royal Enfield Himalayan Scram 411 cc | Motorcycle | Royal Enfield | Himalayan Scram | 411 CC | नेपाल | १ | 6,60,000.00 | 6,60,000.00 | |

**विक्रेता फर्मको नाम:** ALPHA AUTOMOTIVE PVT. LTD.
**ठेगाना :** का.म.न.पा. २८, पुतलीसडक, काठमाण्डौ, नेपाल **फोन नं.** ०१-५३५०००९


## युएईमा वैदेशिक रोजगारको अवसर

सच्याईएको

कम्पनी : GULF FIDELITY SECURITY SERVICES - LLC

पूर्व स्वीकृति मिति २०८०/०२/२१ LT. No. 287175 चलानी नं. ६०२०२४९१

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: AED | मासिक तलव: ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard (ASSD) | 30 | 0 | 2000 | ७२,१७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

प्रि- अन्तरवार्ता धमाधम भईरहेको छ ।

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेष्ठ २९ गते (12th June. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | नि:शुल्क | रु.७००/- रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रोजगारदाता आफैले सेवा शुल्क: नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Pandora Incorporation (P.) Ltd.**
Dhumbarahi Height-4, Kathmandu, Nepal, Tel: 01-4492511
Mobile No. 9803318788, 9860721022, E-mail: pandorainc14@gmail.com

श्रम ईजाजत नं. ५०२/०६१/०६२


# भुम्लु गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
सल्ले भुम्लु, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति : २०८०/०२/२३ गते

यस भुम्लु गाउँपालिकाबाट दोस्रो पटक मिति २०८०/०१/२१ गते प्रकाशित सूचना वमोजिम गाउँपालिकामा दर्ता भएका बोलपत्र दरभाउमध्ये तपसिल वमोजिमको बोलपत्र सारभूत रूपमा प्रभावग्राही रहेको भनी मूल्याङ्कन समितिबाट स्वीकृतिको लागि सिफारिस गरेकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ र ४७ को प्रयोजनार्थ सम्बन्धी सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | ठेक्का नं. | बोलपत्र दाताको नाम र ठेगाना | कबोल रकम रु. (मू.अ.क.बाहेक) |
|---|---|---|---|
| १. | दुधालु भैंसी तथा पाडा खरिद BRM/NCB/GOODS/03/079/80 | सवल बहुउद्देश्यीय कृषि तथा पशुपंक्षी फर्म वनेपा न.पा.२, काभ्रेपलाञ्चोक | रु.७१,०८,६००/- (अक्षरेपी एकहत्तर लाख आठ हजार छ सय मात्र) |

**प्रमुख प्रशासकीय अधिकृत**
**गाउँ कार्यपालिकाको कार्यालय**

गण्डकीको नीति तथा कार्यक्रम

# तनहुँमा ट्रमा अस्पतालदेखि सुरुङमार्गसम्म



**दमौली–** गण्डकी प्रदेश सरकारले प्रस्तुत गरेको नीति तथा कार्यक्रममा तनहुँका विभिन्न योजना समेटिएका छन् । प्रदेश प्रमुख पृथ्वीमान गुरुङले आइतबार प्रदेशसभामा प्रस्तुत गरेको आगामी आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रममा तनहुँमा ट्रमा अस्पताल स्थापना गर्नेदेखि सुरुङमार्ग निर्माणका लागि सम्भाव्यता अध्ययन गर्नेसम्मका योजना उल्लेख गरिएको छ ।

राजमार्गमा हुने सवारीसाधन दुर्घटनाका घाइतेको प्राथमिक उपचारका लागि ट्रमा अस्पताल स्थापनाको प्रक्रिया अगाडि बढाइने प्रदेश प्रमुख गुरुङले उल्लेख गरे । आँबुखैरेनी गाउँपालिकाका अध्यक्ष शुक्र चुमानले आँबुखैरेनी-१ बरादीमा ट्रमा अस्पताल निर्माणका लागि केही समय अगाडि प्रदेशका स्वास्थ्य तथा सामाजिक विकासमन्त्री सुशीला सिंखडाको ध्यानाकर्षण गराएका थिए । पृथ्वी राजमार्गअन्तर्गत तनहुँ खण्ड ७२ किलोमिटर रहेको र यहाँ दैनिक दुर्घटना भइरहने हुनाले ट्रमा अस्पतालको आवश्यकता खड्किएको उनले उल्लेख गरे । अस्पताल निर्माण गर्न पालिका प्रदेश सरकारसँग सहकार्य गर्न तयार रहेको चुमानको भनाइ छ ।

यसैगरी सरकारले तनहुँको पुडिटारमा औद्योगिक क्षेत्र स्थापना व्यवस्थापन तथा सञ्चालनका लागि पूर्वाधार निर्माणको कार्यलाई प्राथमिकता दिन नीति तथा कार्यक्रममा उल्लेख गरिएको छ । प्रदेशको गौरवको सडक आयोजनाको रूपमा रहेको तनहुँको भीमाददेखि नवलपुर डेढगाउँमा सुरुङमार्ग निर्माणका लागि सम्भाव्यता अध्ययन गर्ने नीति तथा कार्यक्रममा उल्लेख गरिएको छ ।

मुस्ताङको कोरोलादेखि नवलपुरको त्रिवेणी जोड्ने छोटो दूरीको उक्त सडकअन्तर्गत तनहुँ खण्डमा कालोपत्र गर्ने काम भइरहेको छ । तनहुँको घिरिङदेखि नवलपुरको बुङ्दीकालीको सीमानासम्म ११ किलोमिटर सडक कालोपत्रको काम अगाडि बढेको छ । २०५१ सालमा ट्र्याक खुलेको उक्त मार्ग कालोपत्र हुने भएपछि स्थानीयवासी खुसी भएका छन् ।

घिरिङ गाउँपालिकाका पूर्वअध्यक्ष रनबहादुर रानाले यस मार्गलाई प्रदेश सरकारले गौरवको योजनाको रूपमा सूचीकृत गरेर कालोपत्रको काम सुरु गरेपछि यस भेगका जनता हर्षित भएको जानकारी दिए । उनले भने, 'यो मार्गहुँदै अहिले नवलपुर पुग्न सकिन्छ, तर धुलोको एकदमै समस्या छ, कालोपत्र भएपछि स्थानीयवासीलाई निकै सहज हुन्छ ।'

सरकारले आँबुखैरेनीमा रहेको कृषि तथा पशुपक्षी एकाइको सुदृढीकरणलाई प्राथमिकता दिएको छ । गण्डकी प्रदेशको प्रवेशद्वार आँबुखैरेनी गाउँपालिका-३ मा तरकारीको विषादी परीक्षणका लागि एकाइ स्थापना गरिएको थियो । तर, उक्त एकाइ कर्मचारी अभावमा प्रभावित हुँदै आएको छ ।

सरकारले सबै सामुदायिक क्याम्पसलाई कार्य सम्पादनका आधारमा अनुदान दिने व्यवस्था मिलाउने भएको छ । यो नीति तथा कार्यक्रमले व्यास नगरपालिका-१ भादगाउँस्थित आदिकवि भानुभक्त क्याम्पससमेत लाभान्वित हुनेछ । *रासस*


## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : MK POWDER COATINGS SDN BHD

पूर्व स्वीकृति मिति: २०८०/०२/२१ LT. No. 287201 चलानी नं.६०२०२५७२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 10 | 0 | 1500 | ४३,४३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : MAHARANI SEAFOOD RESTAURANT

पूर्व स्वीकृति मिति: २०८०/०२/२१ LT. No. 287202 चलानी नं.६०२०२५७३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 5 | 0 | 1500 | ४३,४३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेष्ठ ३० गते (13th June. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**MERIDIAN OVERSEAS PVT. LTD.**

श्रम ईजाजत नं. ६१३/०६२/०६३

Basundhara, Kathmandu, Nepal. Tel. : +977-1-4390463,4390464, 9851054041, 9765229376



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : RIBWAT AL-KHAMIS INDUSTRIAL FACTORY

पूर्व स्वीकृति मिति २०८०/०२/२२ LT No.287204 चलानी नं. ६०२०२५९३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Collection of Textile Product Labour | 8 | 0 | 1200 | ४२,३५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : MUNIRA ZAID JAMMANAL LAHIBI CEMENT FACTORY

पूर्व स्वीकृति मिति २०८०/०२/०४ पुन विज्ञापन स्वीकृति मिति २०८०/०२/२२ LT. No. 286167 चलानी नं. ६०२०१६२९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Upload and download Labour | 5 | 0 | 1000 | ३५,२९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : GULF DESERT CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति २०८०/०२/०४ पुन विज्ञापन स्वीकृति मिति २०८०/०२/२२ LT. No. 286166 चलानी नं. ६०२०१६२८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Upload and download operator | 18 | 0 | 1200 | ४२,३५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेष्ठ ३० गते (13th June. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Target Consultant Human Resources Pvt. Ltd.**

श्रम ईजाजत नं.८३३/०६६/०६७

Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251

FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SALMAN MOHAMMED BIN SULAIMAN AL KHALAF TRANSPORT CORPORATION

पूर्व स्वीकृति मिति २०८०/०२/२१ LT. No. 287195 चलानी नं. ६०२०२६०४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Packaging Worker | 2 | 0 | 1000 | ३५,२९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेष्ठ ३० गते (13th June. 2023) मा हुनेछ र Sunrise Banquet, Basundhara काठमाडौंमा मिति: २०८० जेष्ठ ३१ गते (14th June. 2023) मा हुनेछ ।

कम्पनी : NATIONAL FRUIT JUICE COMPANY FACTORY LIMITED

पूर्व स्वीकृति मिति २०८०/०२/२१ LT. No. 287194 चलानी नं. ६०२०२६०३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Warehouse Worker | 11 | 0 | 1000 | ३५,२९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: Sunrise Banquet, Basundhara काठमाडौंमा मिति: २०८० जेष्ठ ३० गते (13th June. 2023) मा हुनेछ र संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेष्ठ ३१ गते (14th June. 2023) मा हुनेछ ।

अन्तरवार्ता मिति: २०८० जेष्ठ ३० देखि असार ५ गते (13 to 20th June. 2023) सम्म हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Pashupati HR Solution Pvt. Ltd.**

श्रम ईजाजत नं. १४००/०७४/०७५

Pingalasthan, Gaushala, Kathmandu, Nepal

E-mail : pashupatihr17@gmail.com Tel No. 014588454

www.pashupatihr.com.np



## MACAU मा वैदेशिक रोजगारको अवसर

कम्पनी : RCG HUMAN RESOURCE CONSULTING LIMITED

पूर्व स्वीकृति मिति २०८०/०२/२१ LT. No. 287158 चलानी नं. ६०२०२५६२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव MOP | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Basement, Baggage Services Agent | 3 | 0 | 8240 | १३४,४४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | | १ वर्ष |
| 2 | Cabin Service Agent | 3 | 0 | 7180 | ११७,१४५ | | | | | | | |
| 3 | Cargo Service Agent | 3 | 0 | 8240 | १३४,४४० | | | | | | | |
| 4 | Load Control Centre Services Agent | 3 | 0 | 8980 | १४६,५१५ | | | | | | | |
| 5 | Passenger Service Agent | 10 | 0 | 8980 | १४६,५१५ | | | | | | | |
| 6 | Ramp Service Agent | 3 | 0 | 7400 | १२०,७३५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेष्ठ ३० गते (13th June. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | जाँदा कामदारले / फर्किंदा रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: ८०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**AP OVERSEAS PVT. LTD**

Govt. License 826/066/67

Sorakhutte, Link Road, KTM, Nepal, Tel: +977-01- 4388574, 4388485,E-mail: apoverseasktm@yahoo.com, info@apoverseas.com.np,Website : www.apoverseas.com.np



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : RWAKEZ AL OSTOURA CONTRACTING CO.

पूर्व स्वीकृति मिति : २०७९/१०/१७ पुन विज्ञापन स्वीकृति मिति : २०८०/०२/२२ LT. No. 280347 चलानी नं.६०१९५८३९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Whole Vehicle Driver | 25 | 0 | 1800 | ६३,५२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार ३ गते (18th June. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Pari Overseas Pvt. Ltd.**

श्रम ईजाजत नं. ११७७/०७३/०७४

Sinamangal, Kathmandu, Nepal - Tel:-+977-4490447, 4490448

Email:-parioverseas1177@gmail.com, Web:- www.parioverseas.com



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : NAILS EXTENSION LADIES BEAUTY SALOON CO.

पूर्व स्वीकृति मिति : २०७९/०२/०९ पुन विज्ञापन स्वीकृति मिति: २०८०/०२/२२ LT. No. 263366 चलानी नं.६०१७९५४०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician | 0 | 12 | 160 | ६८,७१८ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Saloon Worker | 0 | 3 | 90 | ३८,६५४ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेष्ठ ३० गते (13th June. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Omega International Pvt. Ltd.**

OMEGA INTERNATIONAL

Govt. License No. 1352/074/075

Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337

E-mail : info@omeganepal.com,Website : www.omeganepal.com



## चौंरीदेउराली गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

ढाँडखर्क भञ्ज्याङ, काभ्रेपलाञ्चोक

बागमती प्रदेश, नेपाल

## INVITATION FOR ELECTRONIC BIDS

**1st Date of Publication: 2080/02/23(2023-06-06)**

Chaunrideurali Rural Municipality,Dhadkharka Bhanjyang,Kavre invites bids from duly eligible & qualified registered bidders for the procurement of following Goods under Sealed Quotation for S.N.1. Name & identifications of contracts are mentioned below though the details are in the bidding document.

| S.N. | Contract Identification No. | Description of Works | Bid Document Fee Amount | Bid security Amount | Bid Submission Deadline | Bid Opening Date |
|---|---|---|---|---|---|---|
| 1 | CDRM/ GOODS/SQ/ M/01/079/080 | Procurement of Medicines and Surgical Goods. | NRs. 1000.00/- | NRs.55,000.00/- | 2080/03/06 12:00 | 2080/03/06 13:00 |

| Name of Bank | Name of office | Revenue Account Name & No. | Deposit Account name & No. |
|---|---|---|---|
| Kumari Bank, Chaunrideurali Branch | Chaunrideurali Rural Municipality, Dhadkharka, Bhanjyang, Kavre | ग.१.१ आन्तरिक राजश्व खाता<br>२६६०२४७९४८७०००९ | ग.३ स्थानीय तह धरौटी खाता<br>२६६०२४७९४८७०००४ |

For further information please Contact at office. Any amendment in the notice or bid document will be posted in the website of office.

**Chief Administrative Officer**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### ‘भैंसी’बारे संसद्मा निकृष्ट प्रदर्शन

सरकारले यसपटकको बजेटमा कृषिलाई पहिलो प्राथमिकतामा राखेको छ । सोमबारको संसद् बैठकमा यही बजेटको विषयमा छलफल गर्ने कार्यसूची थियो । प्रधानमन्त्री पुष्पकमल दाहालले भारत भ्रमणमा उठेका प्रश्नको जवाफ दिएपछि संसद्मा भैंसीकै विषयले हंगामा भयो । भारतले दिएको उन्नत जातको १५ मुर्रा राँगो भित्रिँदा खुसी हुनुपर्नेमा सांसदहरूले यही विषयमा संसद्मा उपद्रो नै मच्चाए । कृषि क्रान्तिको कुरा गरेर शिक्षा क्षेत्र सुधारमा लागेका पूर्वशिक्षामन्त्री एवं राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद शिशिर खनालले भैंसीलाई मजाक बनाए सुरुमै । ‘प्रधानमन्त्री भारतबाट आउँदा प्लेन चढेर भर्खरै उद्घाटन गरेको पोखरा विमानस्थलमा ओर्लिनुहुन्छ होला भनेको त भैंसी चढेर आउनुभयो,’ सदनमा आफ्नो भनाइ राख्दै खनालले भने ।

सुन्दा सामान्य लागे पनि यो निकृष्ट व्यंग्य हो । पहाडमा ‘भैंसी चढ्नु’ भन्ने विषय लज्जास्पद नै मानिन्छ । यसैले होला माओवादीका प्रमुख सचेतक हितराज पाण्डेले नियमापत्ति जनाए । मधेस–तराई क्षेत्रमा चरणमा निस्कँदा भैंसी वा राँगामा चढेर गोठालो जाने चलन विद्यमान छ । मधेस–तराई क्षेत्रमा यसलाई सामान्य मानिन्छ । सदन खुल्नुअघि मुर्रा जातको राँगो ल्याउने सहमतिलाई मुलधारकै मिडियाले भैंसी भनेर स्थापित गरिसकेको थियो आइतबार । पछि सच्याए पनि हावासरी मजाक बनाएको विषय भैंसी नै कायम भयो । प्रधानमन्त्री दाहाललाई भैंसीमा चढेर आएको देखाउँदै कार्टुनिस्टले कार्टुन बनाए । प्रधानमन्त्री दाहालले रोस्ट्रममै उभिएर भैंसी नै भनिदिए । पछि बल्ल सच्याउँदै प्रधानमन्त्रीले भने, ‘राँगा–राँगा हो । मुर्रा हो मुर्रा ।’

भारतबाट विद्युत्को आयोजना आउँदा खुसी । रेलको योजना आउँदा खुसी । चेकपोस्ट बन्दा खुसी । तर, बजेटमै कृषिलाई प्राथमिकता दिएको विषयलाई भने मजाक बनाएर किन उडाउन लागिपरे सामाजिक सञ्जाल प्रयोगकर्ता ? अनि सामाजिक सञ्जाल प्रयोगकर्ताकै फलो गरेर आशाका रूपमा हेरिएका नयाँ पार्टीको सांसदबाटै यस्तो प्रदर्शन । उन्नत जातको मुर्रा राँगा प्रयोगपछि भैंसीबाट प्रशस्त दूध आउँछ । यसले पशुपालक किसानलाई फाइदा दिन्छ ।

यही कारण सरकारले मुर्रा जातको राँगो यसअघि नै माग गरेको प्रमुख विपक्षी दलका नेता एमाले अध्यक्ष केपी शर्मा ओलीले सदनमै खुलाए । नेपाल सरकारबाट संस्थागत माग गरिएको यो विषय नेपालीकै हितमा छ । सांसदहरू बढी नै उत्तेजक बन्न थालेपछि सभामुख घिमिरेले जो सुकैले बोलेको भए पनि ‘भैंसी चढेर आएको’ भन्ने वाक्यलाई रेकर्डबाट हटाउन निर्देशन दिए । तर संसद्मा यही विषयलाई उडाएर समयको सत्यनाश हुँदा सांसदहरूलाई कस्तो लाग्दो हो ? यस्तो विषयमा न त सत्तापक्षका सांसद संयम देखिए न त सभामुख देवराज घिमिरे नै । के यस्तै हो जननिर्वाचित सांसदहरूको विज्ञता ?

## मननयोग्य

### चाणक्य नीति

केही समयपछि फेरि घोषणा भयो-राज्यकिशोरमणि मगधाधिपति महाराज महापद्मानन्दको सवारी हुँदैछ । नन्दको प्रवेशमा सबै दरबारिया उभिए । सेतो कलाप, भद्दा शरीर, लोलाएका आँखा, गलामा मोती र मणिकका माला, शिरमा रत्नजडित मुकुट, खुट्टा लर्बराउँदै दरबारमा नन्दको प्रवेश भयो । उनका अगल-बगलमा नवयौनाहरू उत्तेजक पहिरनमा सजिएर हिँडिरहेथे । दरबारको बीचमा दिव्य सिंहासनमा नन्द बसे । सँगै आएका युवतीले मखमलको पंखा लिइ अलगबगलबाट हम्कन लागे । एउटी पातलो कपडा पहिरिएकी मोहिनी मूर्तिले सुनका भाँडामा मदिरा खन्याएर नन्दतिर बढाई समाउनसाथ सबैले ताली पिटे । त्यसपछि एउटी सुन्दरीको प्रवेश भयो-पूर्णिमाका चद्रमाजस्तै चम्किने, मुखमण्डल, मदिराले लट्ठ भएजस्ता दुई आाखा, कालो बादलजस्तो केशरासीद्वारा आफ्नो सौन्दर्य उनी स्वयम् प्रस्तुत गरिरहेकी छन् । उनका दुई पोटिला स्तन, पातलो कम्मर, पुष्ट नितम्ब सबैलाई आकर्षित पार्न पर्याप्त थिए ।

चिल्लो भुइँमा ती सुन्दरी माछा जस्तै उफ्रीकी नाचिरहेकी छन् । उनको शरीरमा छैन भन्ने भान परेको छ । धेरै नाचिक थाकेकी ती सुन्दरीले राजालाई ढोगिन । नृत्यको समाप्तिपछि त्यहाँ सपनाबाट बिउझेजस्तै (जागेजस्तै) दोगिन । नन्दले असफल भरिएका थैली नर्तकीतिर क्योंक । यसका सँगसँगै त्यस दरबारमा बसेका सबैले रूपैयाँका भेटी चढाए रूपैया नै रूपैयाको बिस्कुन त्यो ठाउँ देखियो ।

यी सब देखी चाणक्यको को उनको मुखमा प्रकट भइरहेथ्यो। सोच्दै थिए कि के यो मदान्ध राजाका हातमा मगध राज्य सुरक्षित छ ? यदि सिकन्दरले यस राज्यमा लडाई गरेका भए त्यो आँधी रोक्न सक्ने क्षमता थियो र नन्दमा ? राम्रो नै भयो सिकन्दर लडाई नै नगरी फर्केर गयो तर फेरि पनि त सिकन्दर फर्केर आउन सक्छ । किन कि, आम्भी र पुरु सिकन्दरका अधीनमा गई नै सके ।

मन्त्री राक्षसले दण्डको डर देखाई राज्य सन्चालन सायद राम्रैसँग गरेकै होला तर जनताबाट नाना किसिमका कर लिई भरिएको राजकोप कसरी लुटाइरहेछ, यो सबैमा त्यो राक्षस त्यति नै दोषी छ जति नन्द दोषी छ। मैले नन्दलाई समाप्त गर्नैपर्छ मगधका लागि यस राजाको कुनै आवश्यकता छैन । क्रमशः

# सरसफाइका कुरा



▶▶ खेम शर्मा

सरसरती हेर्दा त वातावरणसँग जोडिने वन, जंगल, वनस्पतिसहित पारिस्थितिक प्रणाली सबै हो । तर, सबैभन्दा निकट तर भित्र लुकेर बसेको अर्को पक्ष भनेको सरसफाइ हो । प्रकृतिसँग जोडिएका धेरै विषय र प्रणाली वातावरणका साथी हुन् अनि हामी वातावरणका साथी । प्रदूषणदेखि लिएर अनेक प्रकारका वातावरणीय जोखिमहरूलाई हटाउँदै प्रकृति र प्राणी साथसाथ बाँच्नुपर्छ ।

सोमबार अर्थात् जुन-५ का दिन विश्व वातावरण दिवस मनाइएको छ । संयुक्त राष्ट्रसंघको आह्वानमा उक्त दिन विश्वभर यो दिवस मनाउने गरिन्छ । नेपालमा पनि यस वर्ष ‘प्लास्टिकजन्य प्रदूषण निर्मूल पारौं, वातावरणमैत्री विकल्पको उपयोग गरौं’ भन्ने नारा तय गरेर यसको ‘थिम’भित्र रहेर देशव्यापीरूपमा विभिन्न कार्यक्रम आयोजना गरी वातावरण दिवस मनाइएको छ । संयुक्त राष्ट्रसंघको महासभाले गरेको घोषणा तथा संयुक्त राष्ट्रसंघीय वातावरण कार्यक्रमको अग्रसरतामा सन् १९७३ देखि प्रत्येक वर्ष जुन ५ मा विश्वभर यो दिवस मनाउने गरिएको हो ।

सरसरती हेर्दा त वातावरणसँग जोडिने वन, जंगल, वनस्पतिसहित पारिस्थितिक प्रणाली सबै हो । तर, सबैभन्दा निकट तर भित्र लुकेर बसेको अर्को पक्ष भनेको सरसफाइ हो । प्रकृतिसँग जोडिएका धेरै विषय र प्रणाली वातावरणका साथी हुन् अनि हामी वातावरणका साथी । प्रदूषणदेखि लिएर अनेक प्रकारका वातावरणीय जोखिमहरूलाई हटाउँदै प्रकृति र प्राणी साथसाथ बाँच्नुपर्छ । यस परिस्थितिका लागि सरसफाइ अर्को एक महत्त्वपूर्ण पक्ष हो, जसको अनुपस्थितिमा स्वच्छ र स्वस्थ वातावरण बन्न र कायम रहन सक्दैन । त्यसैले विश्व वातावरण दिवसको अवसर पारेर मैले यहाँ नेपालको सरसफाइको क्षेत्रका केही कुरा राख्दै छु ।

यही महत्त्वको मूल्यलाई मनन् गर्दै मुलुकको प्रमुख प्रशासकीय भवन सिंहदरबारको सरसफाइको गुणस्तरमा वृद्धि गर्ने काम आगाडि बढेको छ । निकट भविष्यमा सिंहदरबारलाई एक पर्यटकीय गन्तव्यका रूपमा अगाडि बढाउने गरी यो कार्यको थालनी पनि भएको छ । यस प्रयोजनका लागि सिंहदरबारका सम्पूर्ण मन्त्रालय, कार्यालय हाता वरपर रहेका फोहोर र पुराना काम नलाग्ने सामग्रीको उचित व्यवस्थापन गर्ने कार्य सुरु भएको छ । सरसफाइ भनेको विद्यमान संरचनालाई घोट्ने र टल्काउने काममात्र नभएर वरपरको फोहोरलाई सफा गर्नु पनि हो । सोहीअनुरूपको अवधारणाबमोजिम सबै सरकारी कार्यालयका यस्ता फोहोर वस्तु हटाउने कामलाई निरन्तरता दिनुपर्छ ।

अहिलेसम्म विभिन्न मन्त्रालय, विभाग एवं कार्यालयले निर्माण गरेका सरसफाइसम्बन्धी नीति, नियम एवं निर्देशिका आगामी साउन १ गतेदेखि थप प्रभावकारी तथा अनिवार्यरूपमा कार्यान्वयन गर्ने निर्णय पनि सरकारले गरेको छ । साथै, यसै वर्षदेखि लागू हुनेगरी राष्ट्रका उच्च तहबाट वार्षिकरूपमा प्रदान गरिने विभिन्न सम्मान तथा पुरस्कारमा कम्तीमा मजदुरलाई पनि समावेश गर्ने नीतिका लागि आग्रह भएबमोजिम सरकारले यसलाई सकारात्मकरूपमा लिएको छ । उक्त अनुपातमा प्रदेश तथा स्थानीय तहलेसमेत कार्यान्वयन गर्न सकिने गरी यस अवधारणालाई नेपाल सरकारको नीतिमै समावेश गर्न सकिएमा यसले सफाइ क्षेत्रका जनशक्ति एवं मजदुर वर्गको पनि सम्मान हुने थियो ।

सम्पूर्ण मजदुरको काम, कर्तव्य र अधिकार स्पष्ट पार्दै सेवा, सर्त र सुविधा निश्चित तथा वैधानिक गर्न अनुगमनकारी निकायलाई सक्रिय गराउन पहल भएकाले जनस्वास्थ्य सचेतनासम्बन्धी बनेका नीति तथा नियमहरू जनस्तरमा पुऱ्याउनुपर्ने देखिन्छ ।

जनस्वास्थ्य सेवा नियमावली, २०७७ को अनुसूची ८ बमोजिम सरकारी तथा निजी अस्पतालको सरसफाइसम्बन्धी मापदण्ड तयार गरी थप प्रभावकारीरूपमा लागू गर्ने पहल भएकाले जनस्वास्थ्य तथा सरसफाइसम्बन्धी नीति निर्माण गर्दा तथा कार्यक्रम कार्यान्वयन गर्दा ग्रामीण भेग, पिछडिएको समुदाय, क्षेत्र तथा वर्गलाई समेत सम्बोधन हुनेगरी निर्माण गर्न पहल भएकाले यसमा सरकारले ध्यान दिनुपर्ने देखिन्छ ।

कृषि तथा पशुपन्छी विकास मन्त्रालयअन्तर्गतको खाद्य स्वच्छताको आधारमा होटल रेस्टुरेन्ट स्तरीकरण गर्नेसम्बन्धी निर्देशिका २०७४, खाद्य तथा दाना पदार्थसम्बन्धी ऐन, नियम एवं निर्देशिकाहरू २०७५, दूध तथा दुग्ध पदार्थको स्वच्छता एवं गुणस्तर निर्देशिका, २०७५ थप प्रभावकारीरूपमा लागू गर्न पनि पहल भएको छ । बधशाला र मासु बेच्ने पसलका लागि बनेको पशु बधशाला र मासु जाँच ऐन, २०५५ साथै पशु ढुवानी मापदण्ड, २०६४ थप प्रभावकारीरूपमा लागू गर्नुपर्ने देखिन्छ । यसका लागि प्रक्रिया अघि बढेकाले त्यसलाई जतिसक्दो चाँडै कार्यान्वयनको तहमा ल्याउनुपर्दछ ।

२०७० आसोज २३ गते नेपाल सरकारबाट स्वीकृत, २०७८ असार १५ गते संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट परिमार्जित वातावरणमैत्री स्थानीय शासन प्रारूप सबै तहमा पूर्णतः कार्यान्वयन गर्नुपर्ने अवस्था देखिएकाले यसका लागि तथा विद्यालय, खानेपानी, सरसफाइ तथा स्वच्छतासम्बन्धी कार्यविधि, २०७४ प्रभावकारी कार्यान्वयन गर्न आवश्यक रहेको महसुस गर्दै सरकारले यो प्रक्रिया छिट्टै अघि बढाउने बताइसकेको छ ।

विद्यालयका पाठ्यक्रममा रहेका स्वास्थ्यसम्बन्धी विषयसँग समन्वय गरी सरसफाइसम्बन्धी विषय राख्नुपर्ने आवश्यकता छ । शिक्षा मन्त्रालयले कक्षा ३ देखि कक्षा १२ सम्मको सम्बन्धित प्रयोगात्मक विषयको पाठ्यक्रममा समावेश गर्ने पहल भएको बताएकाले सिटिइभिटीमा व्यावसायिक सरसफाइसम्बन्धी पाठ्यक्रम निर्माण गरी अध्ययन अध्यापन सुरु गर्नुपर्छ । यसका लागि मन्त्रालयले प्रक्रिया अघि बढाइएको बताएकाले यसलाई सकारात्मकरूपमा लिन सकिन्छ ।

त्यसैगरी संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले सांस्कृतिक सम्पदा, पर्यटकीयस्थल तथा विमानस्थल सरसफाइसम्बन्धी निर्देशिका, २०७९ र नेपाल नागरिक उड्डयन प्राधिकरण विमानस्थल सरसफाइ सेवा निर्देशिका, २०७९ जारी गरेको छ । प्रकृतिको अनुपम देन, पर्यटकको आकर्षण नेपालको सम्पदा हिमाल, ताल, नदी तथा पर्यटक पदमार्ग सफाइलाई निरन्तरता दिने काम सुरु भइसकेकाले आगामी दिनमा यसलाई दिगो स्वरूप र प्रक्रियामा निरन्तरता दिनुपर्छ ।

सरकारले सहरी तथा राजमार्ग वरिपरि यात्री, पर्यटक सेवाग्राहीको अत्यधिक चाप हुने सार्वजनिक स्थानमा निजी तथा समुदायिक साझेदारीमा कम्तीमा एक हजार सुविधासम्पन्न सार्वजनिक शौचालय र विश्रामस्थल निर्माण गर्ने साथै राजमार्गमा सार्वजनिक निजी साझेदारीमा ‘स्मार्ट रोडसाइड स्टेसन’ निर्माण सुरु गर्ने नीति अगाडि बढाएकाले यसलाई सबै पक्ष र समुदायको सक्रिय सहभागिताबाट थप प्रभावकारी बनाउन सकिन्छ ।

प्रयोगकर्ताद्वारा सफा सार्वजनिक सवारीसाधनमा यात्रा गर्ने वातावरण बनाउनका लागि ‘सार्वजनिक तथा निजी सवारी सरसफाइ निर्देशिका’ निर्माण भइसकेको छ । निजी क्षेत्रमार्फत सरकारी कार्यालयको सरसफाइसम्बन्धी कार्य गराउन गरिने ठेक्का सम्झौतामा आवश्यक कागज पत्रसहित संलग्न हुने दक्ष सरसफाइकर्मी हुनुपर्ने, सफाइमा संलग्न हुने जनशक्तिको संख्या खुलाउन पर्ने, उनीहरूले प्रयोग गर्ने उपकरण र रसायनको न्यूनतम स्तर खुलाउने व्यवस्था गर्नुपर्दछ । यसरी काम गर्ने सफाइकर्मीलाई सुरक्षासहितको उचित पोसाक र सरसफाइको न्यूनतम स्तर तोक्ने व्यवस्था पनि गर्नुपर्छ । त्यस्तै सरसफाइसम्बन्धी कामका लागि विदेश जाने वा नेपालमै काम गर्ने मजदुरलाई यससम्बन्धी तालिमको पनि व्यवस्था गर्नुपर्छ ।

दैनिक उपभोग्य वस्तुको गुणस्तरमा वृद्धि गरेर उक्त गुणस्तर सधैं कायम राख्नका लागि वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागलाई थप प्रभावकारी बनाई बजार अनुगमन कार्यविधि, २०७७ लाई पूर्णरूपले लागू गर्नुपर्ने र सुर्तीजन्य पदार्थ नियन्त्रण र नियमन गर्ने ऐन २०६८ बमोजिम सार्वजनिकस्थलमा धूमपान तथा सुर्ती सेवनको कार्यलाई रोक्न पहल सुरु भएकाले यसले जनस्वस्थ्यमा राम्रो प्रभाव पार्नेछ । त्यसैगरी प्रदेशसँगको सहकार्यमा आगामी वर्ष तीन करोड बिरुवा रोप्ने योजना रहेकाले यसलाई निरन्तरता दिँदै आगामी वर्षमा पनि वृक्षरोपणलाई प्राथमिकतामा राख्नुपर्छ ।

केही वर्षभित्र नेपाललाई सफा देशको सूचीमा पुऱ्याउने उद्देश्यका साथ देशविदेशमा बस्ने सम्पूर्ण नेपालीलाई समावेश गरी प्रधानमन्त्रीको नेतृत्वमा यही वर्षबाट नै ‘स्वच्छ नेपाल स्वस्थ्य नेपाली’ नाराका साथ जनस्वास्थ्य तथा सरसफाइ दिवस सञ्चालन गर्नुपर्छ । प्रत्येक विद्यालय, शैक्षिक संस्थाले अभियानात्मकरूपमा नजिकको कुनै सार्वजनिक स्थानमा साप्ताहिकरूपमा सरसफाइ अभियान सञ्चान गर्न सकिन्छ भने सडक, विद्युत्, खानेपानी, टेलिकमजस्ता निकायले सडक र सडक किनारामा गरिने निर्माण, मर्मतसम्बन्धी कार्य एकैसाथ सम्पन्न हुनेगरी निर्माण गर्न समन्वय गर्न सकिन्छ ।

सम्पूर्ण सरकारी कार्यालयमा अनलाइनमार्फत सरसफाइसम्बन्धी सेवाग्राहीको गुनासो लिने व्यवस्था गर्ने र काठमाडौं उपत्यकालगायत मुलुकका विभिन्न भू-भागमा ठूला सहरको फोहोरमैलाको दिगो र निर्बाध व्यवस्थापनका लागि नीतिगत र संस्थागत प्रबन्ध गर्न सकिएमा यसले स्थानीय तहहरूलाई फोहोरमैला व्यवस्थापनमा जिम्मेवार बनाउन सक्दछ ।

सेप्टेम्बर १६ मा पर्ने विश्वसरसफाइ दिवसमा संघ, प्रदेश र स्थानीय तहका प्रमुखको नेतृत्वमा साप्ताहिक सरसफाइ कार्यक्रम मनाउन सकिन्छ । वेबसाइट र सामाजिक सञ्जाल निर्माण गरी देशभित्र र बाहिर भएका सबै सरसफाइ अभियन्तालाई यसमा सहभागी गराउन सकिन्छ । सरसफाइसम्बन्धी नागरिकको गुनासो डिजिटल प्रविधिमार्फत सम्बन्धित निकायमा पुग्ने र सम्बन्धित निकायको ‘रेस्पोन्स’ गुनासोकर्ताले थाहा पाउने व्यवस्था गर्न सकिन्छ ।

प्रधानमन्त्री नै सरिक हुनेगरी सबै नागरिकलाई कम्तीमा पनि महिनाको दुई घण्टा क्यालेण्डरमा राखेर एकै समय ‘सरसफाइमा श्रमदान’ कार्यक्रमको घोषणा गर्न सकिन्छ । यसबाट सफाइको नियमितता लागू गर्न सजिलो पर्नेछ । यसरी देशविदेशमा भएका नागरिकलाई यस अभियानमा जोड्ने र सरसफाइ अभियान चलाउन सकिन्छ ।

यस कार्यलाई सबै मन्त्रालयका सबै निकायसँग समन्वय गरी सफाइसम्बन्धी जानकारी, तौरतरिका एवं सन्देशमूलक सूचना निर्माण गरेर आमसञ्चारका माध्यमबाट प्रचारप्रसार गर्न सकिन्छ । साथै विविध प्रतियोगिता गरेर पनि सरसफाइसम्बन्धी चेतना देशव्यापीरूपमा फैलाउन प्रोत्साहन गर्न सकिन्छ ।

यसरी गरिने कार्यसम्पादनको मूल्यांकनका लागि उच्चस्तरीय समिति बनाई सम्पूर्ण कामको अनुगमन गर्नुपर्दछ । वातावरणमैत्री शासकीय प्रारूप २०७८ का आधारमा टोल सुधार समितिले उत्कृष्ट घरपरिवार, वडाले उत्कृष्ट टोल, स्थानीय तहले उत्कृष्ट वडा र स्थानीय विकास मन्त्रालयले उत्कृष्ट स्थानीय तहको छनोट गरी प्रधानमन्त्रीको उपस्थितिमा पुरस्कारसहित सम्मान गर्ने कार्यक्रम अघि बढाउनुपर्छ । प्रधानमन्त्री कार्यालय, मन्त्रालयलगायत सबै सरकारी कार्यालयमा सरसफाइसम्बन्धी फोकल पर्सन तोक्ने र कार्यालय प्रमुखको नेतृत्वमा महिनामा एक पटक सरसफाइको अवस्था र योजनाबारे छलफल गर्ने गर्नुपर्छ ।

यसरी माथि उल्लिखित आयोजना र कार्यक्रमअनुरूप हामी अघि बढ्न सक्यौं भने यसबाट ‘स्वच्छ नेपाल, स्वस्थ नेपाली’को लक्ष्य प्राप्त गर्न सहज हुनेछ । यी कार्य गर्न सक्दा हाम्रो देश सफा देशको सूचीमा अहिलेकोभन्दा धेरै माथि उक्लिन सक्नेछ । साथै यसबाट दुई वर्षमा २५ हजारभन्दा बढी थप रोजगारी सिर्जना हुनेछ भने मुलुकमा सरसफाइका क्षेत्रमा थप २० अर्ब रूपैयाँको आर्थिक कारोबार गर्न सकिने प्रशस्त आधार निर्माण हुनसक्छ । *रासस*




▶▶ वैकुण्ठ भण्डारी

# ‘मुर्रा भैंसी, मुर्गा कम्युनिस्ट राजनीति’

आजकल गाउँ, सहर, लेकबेसीदेखि विदेशमा बस्नेहरूले समेत मुर्रा भैंसी कण्ठस्थ पारेका छन् । भैंसीको मासु खानेहरूले त झन् जिब्रो पट्काएर भन्न थालेका छन् । क्या वात मोदी, क्या वात् प्रचण्ड । बल्ल जिब्रोले स्वाद फेर्न पाउने भो । भैंसी राँगो ठम्याउन नसक्नेहरूले यस्तै कुरा गर्दै छन् ।

नेपालका प्रधानमन्त्री पुष्पकमल दाहाल विमान चढेर भारत पुगे । भारतमा उनले दिल्लीकी सिल्ली अप्सराबाट स्वागत पनि पाए । दिल्लीमा सिल्ली कुरा त कति भो भो । आफ्ना छिमेकी भाइ आका । केही न केही त उपहार चिनो राखेरै पठाउनु पऱ्यो । विचरा मोदीलाई निकै तनाव भएछ । के दिने के दिन ! विचरा उताका प्रधानमन्त्रीलाई यताका प्रधानमन्त्री भैंसीभक्त हुन् भन्ने सन्देश पुग्छ । मोदीजी तीन छक्क । ‘अरे क्या वात कर्ता है, ओ तो हिन्दु लोग हैं केसी भैंसका भक्त हो सक्दा हैं ’ ।

उताका सल्लाहकार पनि कम्ताका छन् र दुईचार वटा फोटो महामहिमसमक्ष पेस गरिहाले । ‘देखिए, दाहालजी नै नेपालमें भैंसका पूजा कर्ता हैं ।’ मोदीजीले सेता चस्मा फुकाल्दै आफ्नो छोटे भाइको फोटो नियाल्दै मुसुमुसु हाँस्दै भने । यें ठीक वात हैं, उनको देनेके लिएँ भैंस तयार करों, हो सक्दा हैं प्रचण्डजी भैंसमा खुस हो सक्दा हैं’ ।

महामहिमको आदेश पाएका मोदीजीका भन्टचाङभुन्टुङहरूले स्मरण गराए । ओलीजीके पालामा राँगा माग्या छन्, यही मौकामा राँगा उपहार दिएर पठाउँ । दुवै नेपाली कमाउनिस्ट खुसी, माग्ने पनि लाने पनि !

भन्टचाङ भुन्टुङका कुरा सुनेर मोदीजीलाई के खोज्छस् कानो कुन्नी के भनेजस्तै भइगो । पन्ध्रवटा राँगो उपहार दिने हल्ला ‘एक कान, दुई कान, मैदान’ भइगो । नेपालका अघोषित सञ्चारमाध्यमहरूले ढोली पिट्न थालिगए । मोदीले प्रचण्डलाई १५ थान मुर्रा भैंसी उपहार दिँदै छन् ।

मोदीले भैंसी दिए कि राँगो दिए । कसैलाई पत्तै छैन । भारत भ्रमणमा पुगेका पत्रकारहरूलाई गेटमै उभ्याइदिएपछि दिल्लीको गर्मीको रापले पसिनै पसिना भएकाले होला । ‘ब्रेकिङ न्युज’ फालिहाले ‘प्रचण्डलाई मोदीको १५ वटा मुर्रा भैंसी उपहार’ ! भैंसी दिए कि राँगा दिए पत्तो पाउन नसक्नेले कसरी पत्रकारिता गरोस् । भारतका मोदीले भैंसी होइन राँगा उपहार दिएका हुन् । सत्य धरोधर्म ! मागेका त पुरानै कम्युनिस्ट हो, ल्याएका मात्र नयाँ कम्युनिस्टले हो । तर, जे होस् नेपाली कम्युनिस्ट मुर्रा भैंसी हो कि राँगो मुर्गा भने पक्कै हो ।

यता सामाजिक सञ्जालमा मुर्गाहरू कुर्लेको कुल्यै । उता मुर्रा भैंसी उँगेको उँगै । कहिले जाने जाने ? जाने कि नजाने । मुर्रा भैंसीलाई मुर्गाहरूले ‘डिस हान्न मिल्छ ?’ कोल्याप्स गर्न मिल्छ ? अहिलेको हो यो मुर्राको बाउलाई ल्याउन खोजेका रै’छन् कम्युनिस्ट ‘बा’ ले । उनै बाको सत्ता पनि ढल्यो मुर्राको बाको पनि उमेर हद सकिएछ । त्यही भएर अहिले नेपाली मुर्गालाई त्यही मुर्राको छोरा उपहार पठाएको हो के ! राँगो ।

मुर्रा रिसाएर हैरान छ रे । म त ज्यान जाला जान्न भन्दै छ अरे । मोदीका भन्टचाङभुन्टुङहरूलाई कम सास्ती भएको छ । अन्तर्राष्ट्रिय ब्राण्ड बनिसक्यो ‘मुर्रा’ तर जान खोज्दैन, किन हो यो मुर्गा ? जाओस् पनि किन उसकै ‘बा’ कन्युनिस्टका बाले लान खोजेको । अहिले पो समयले साथ दिएन र छोराको पालो आको अरे । त्यसपछि दुवै बाउ मिलेपछि कसको बाउको के जान्छ ?सत्य, धरो कर्म घाँटीको नसो समातेर कसम खाँए । तर पनि कलियुगको कसमले कसलाई लाग्ने हो र खाइदिन्छ नि कसले ।

उहाँ आर्जु भाउजुले त छोराको कसम खाएर शरणार्थी जिन्दावाद गदिइन् अरे । यहाँ त मुर्राको पो कुरा छ त ? काम लागुञ्जेल लिने त्यसपछि छाला पनि नछाड्ने नेपालको मुर्राका लागि जे सुकै त होस् तर कम्युनिस्ट मुर्गाहरूचाहिँ विचलन नहोउन् भन्ने हो । तर, अहिले कम्युनिस्टहरू नै सिला खोज्नु भएकोले मुर्राले मुर्गा हान्दै छ भन्ने पनि थाहा नपाउने हुनसक्छ ।

त्यसैले भारतको मुर्रा राँगो नेपालको सँग सम्बन्ध नै गाँस्न खोजिरहेको छैन रे । मुर्रा राँगोलाई नेपालीले भैंसी बनाएर मानहानी गरेको भन्दै रिसाको छ । उ त नेपालमा आएर मानहानीको मुद्दामा पो जाने हो कि भन्ने डर पनि छ रे । सुरुमै मानहानि गर्ने देशमा के जानु भन्दै छ रे मुर्गाहरूलाई मुर्राले ।

मुर्राले आफ्नो अस्तित्वमाथि नै शंका गरेका कारण आफ्नै नागरिक बेच्नेहरूमाथि शंका गरेछन् । माग्ने पनि कम्युनिस्ट मुर्गा, लाने पनि कम्युनिस्ट मुर्गा । यी दुवै मुर्गा राजनीतिका ! यी माथि परै पर्दिन । छिनछिनको कुरो फेर्छन् भन्दै छ अरे मुर्राले !

उपहारका रूपमा जान लागेको मुर्रा दिल्लीमै अनसन बस्ला कि भन्ने गर मोदीजीका भन्टचाङभुन्टुङहरूलाई परिरहेको छ रे । समय पो मिलेन कि ? साइत पो परेन कि ? यहीबेला मुर्राले ‘हाइट’ लिँदा विचराहरू तनावमै छन् । मुर्रालाई पठाइसकेपछि भोलि नाम नै फेरिएला, अस्तित्व कहाँको हुने भन्ने शंका पनि छ अरे ।

मुर्रा भन्छ रे, मलाई नेपाली मुर्गा कम्युनिस्टहरूको विश्वास नै छैन । कुन बेला कसलाई मुर्गा बनाउँछन् अनि कुन बेला आफै मुर्गा बन्छन् अत्तो पत्तै छैन । हाम्रा मोदी ठूलाबा र ठूलोवाका दाई भाइहरूले मुर्गा बनाएको दशकौं नाघिसक्यो । यी मुर्गाको मुर्गै बनिरहेका छन् । कतै म मुर्रालाई पनि मुर्गा बनाउँछन् राजनीति गरेर भन्दै मोदी ठूलोबासँग हाम्वा हाम्वा पो गर्दै छन रे त ? भनेसी मुर्रा भैंसीले त विश्वास गरेन भने अब यिनलाई कसले विश्वास गर्ला ? सत्य धेरो धर्म ।

# बृहत्तर लुम्बिनीको प्रवर्द्धन गर्न स्थानीय तहसँग छलफल

**रूपन्देही–** आगामी आर्थिक वर्ष २०८०/८१ को नीति कार्यक्रमलाई प्रभावकारी बनाउन लुम्बिनी विकास कोषले बृहत् लुम्बिनी क्षेत्रका स्थानीय तहसँग छलफल गरेको छ । बृहत् लुम्बिनी क्षेत्रमा बुद्धस्थलहरूको संरक्षण, संवर्द्धन र प्रवर्द्धनमा सहकार्य गर्ने गरी छलफल कार्यक्रम गरिएको हो ।

बुद्ध जन्मस्थल लुम्बिनीको विकाससँगै बुद्धको गृहनगर तिलौराकोट, अस्तुधातु रहेको रामग्राम र मावली देवदहका पुरातात्त्विक क्षेत्रको संरक्षण, उत्खनन र प्रवर्द्धनमा सहकार्य गर्ने उद्देश्यले छलफल कार्यक्रम गरिएको कोषका कोषाध्यक्ष ढुण्डिराज भट्टराई (सिद्धिचरण) ले जानकारी दिए ।

आगामी आर्थिक वर्षको बजेट निर्माणको पूर्वसन्ध्यामा पुरातात्त्विक क्षेत्रको उत्खनन, संरक्षण र प्रवर्द्धनमा उपलब्धिमूलक काम गर्नका लागि छलफल फलदायी हुने उनको विश्वास छ । उनले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेटमा स्थानीय सरकारसँग सहकार्यमा बृहत्तर लुम्बिनी क्षेत्रमा उत्खनन र प्रवर्द्धनमा काम गरिने बताए । छलफलमा लुम्बिनी सांस्कृतिक नगरपालिकाका नगरप्रमुख सजरुद्दिन खाणले लुम्बिनीको बाहिरी क्षेत्रमा पनि पर्यटक लोभ्याउने गरी विकास गर्नुपर्नेमा जोड दिए ।

यस्तै रामग्राम नगरपालिकाका नगरप्रमुख धनपत यादवले रामग्रामको संरक्षण हुन नसकेको भन्दै आफूहरू त्यहाँको विकासका लागि सहकार्य गर्न तयार रहेको बताए । सिद्धार्थनगर नगरपालिकाका नगरप्रमुख इस्तियाक मोहम्मद खाँले लुम्बिनी आउने पर्यटकलाई कम्तीमा तीन दिन बस्ने वातावरण बनाउनुपर्ने बताए ।

सैनामैना नगरपालिकाका नगरप्रमुख फणिन्द्र शर्माले सैनामैना पनि बुद्धसँग सम्बन्धित क्षेत्र भएको दाबी गर्दै त्यहाँका पुरातात्त्विक क्षेत्रहरूमा उत्खननका लागि सहकार्य गर्न तयार रहेको बताए ।

लुम्बिनी विकास कोषका सदस्यसचिव सानुराजा शाक्यले बृहत्तर लुम्बिनी क्षेत्रमा विकास हुन नसकेको भन्दै गुनासो आइरहेकाले त्यसलाई आगामी दिनमा सम्बोधन गर्न कार्यक्रम गरिएको बताउँदै स्थानीय तहले पनि आफ्ना सम्पदा क्षेत्रको संरक्षण र प्रवर्द्धनमा बजेट छुटचाएर जानुनपर्नेमा जोड दिए ।

कार्यक्रममा कोषका योजना प्रमुख सरोज भट्टराईले लुम्बिनी गुरुयोजना, बृहत्तर लुम्बिनी क्षेत्र र आगामी योजना प्रस्तुत गर्दै रूपन्देही, कपिलवस्तु र नवलपरासीका बौद्धस्थलको विकासका लागि कोषका तर्फबाट काम भइरहेको जानकारी गराए । *रासस*

---

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०६९/१२/३० मा दर्ता भएको **प्रा.लि. नं. ११९४९७** को **होटल थर्ड आई इन प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/०२/२२ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

---

## शिलवन्दी दरभाउ पत्र प्रक्रियाबाट वन पैदावार बिक्रीको सूचना

**प्रथमपटक प्रकाशित मिति :२०८०/०२/२३**

श्री भगवती सामुदायिक वन उपभोक्ता समूहको आ.व. २०७९/८० मा वेवारिसे रूपमा फेला परि समूहको समूहको हेलीप्याड स्थित घाटगद्दीमा राखिएको अस्ना को काठ थान १७ को परिमाण १५७.३२ क्यु फिट जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरि लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक वन पैदावारको कार्य गर्न दर्ता भएका स:मिल वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएकोले मितिले १५ (पन्ध्र) दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पुर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटिमा टाँस गरिएको छ ।

**श्री भगवती सामुदायिक वन उपभोक्ता समूह**
**राप्तीसोनारी– ८, ओभरी बाँके**

---

## शिलवन्दी दरभाउ पत्र प्रक्रियाबाट वन पैदावार बिक्रीको सूचना

**प्रथमपटक प्रकाशित मिति :२०८०/०२/२३**

श्री राप्ती सामुदायिक वन उपभोक्ता समुहको आ.व. २०७९/८० को नियमित काठ/दाउरा सकंलन कार्य मार्फत यस सामुदायिक बनबाट उत्पादन भई समूहको समूहको शम्शेरगञ्ज गौशाला स्थित घाटगद्दीमा विभिन्न लट बनाई राखिएको साल बाहेक अन्य जात (अस्ना, कर्मा, खयर, सिसौ, धौटी, जामुन आदी) को काठ थान ५०६ को परिमाण १२०२.४४ क्यु फिट तथा अन्य जातको दाउरा १ चट्टा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरि लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक वन पैदावारको कार्य गर्न दर्ता भएका स:मिल वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएकोले मितिले २१ (एक्काईस) दिन भित्र प्रत्येक लटको छुट्टा छुट्टै सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पुर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटिमा टाँस गरिएको छ ।

**श्री राप्ती सामुदायिक वन उपभोक्ता समूह**
**राप्तीसोनारी– २, शमशेरगञ्ज बाँक**

---

## शिलवन्दी दरभाउ पत्र प्रक्रियाबाट वन पैदावार बिक्रीको सूचना

**प्रथमपटक प्रकाशित मिति :२०८०/०२/२३**

श्री दुर्गा भवानी सामुदायिक वन उपभोक्ता समुहको आ.व. २०७९/८० को नियमित काठ/दाउरा सकंलन कार्य मार्फत यस सामुदायिक बनबाट उत्पादन भई समूहको समूहको शम्शेरगञ्ज गौशाला स्थित घाटगद्दीमा विभिन्न लट बनाई राखिएको साल बाहेक अन्य जात (अस्ना, कर्मा, खयर, सिसौ, धौटी, जामुन आदी) को काठ थान ४४२ को परिमाण ८१७.४१ क्यु फिट तथा अन्य जातको दाउरा ०.५ चट्टा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरि लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक वन पैदावारको कार्य गर्न दर्ता भएका स:मिल वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएकोले मितिले २१ (एक्काईस) दिन भित्र प्रत्येक लटको छुट्टा छुट्टै सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पुर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटिमा टाँस गरिएको छ ।

**श्री दुर्गा भवानी सामुदायिक वन उपभोक्ता समूह**
**राप्तीसोनारी– २, शमशेरगञ्ज बाँके**

---

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : REMBIA NURSERY

पूर्व स्वीकृति मिति २०८०/०२/२१ LT. No. 287161 चलानी नं. ६०२०२५६५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Production, Harvesting & Post Harvesting | 10 | 0 | 1500 | ४३,४३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेष्ठ ३० गते (13th June. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**SUN RAY GLOBAL OVERSEAS PVT. LTD.**
918/067/68
Kathmandu-9, Sinamangal. Tel: +977-1-4560974, 4564202, Fax: +977-1-4464202
Email :sunray918@gmail.com, srgoverseas@gmail.com

---

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : BASMAH AL MUSANADA CO.FOR TECHNICIAL SUPPORT SERVICES

पूर्व स्वीकृति मिति २०७८/०५/२४ पुन विज्ञापन स्वीकृति मिति २०८०/०२/२२ LT No.245101 चलानी नं. ६०१६३०५०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 23 | 0 | 1000 | ३५,२९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेष्ठ ३० गते (13th June. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**INSPIRE INTERNATIONAL EMPLOYME NT PVT.LTD.**
Inspire International Employment Pvt. Ltd.
श्रम ईजाजत नं. १३६३/०७४/०७५
Airport, Shambhu Marg-4, Kathmandu,Nepal Phone: (+977) 4112800, Email: inspireintemp@gmail.com

---

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : LEHA TRANSPORTATION CO. LTD.

पूर्व स्वीकृति मिति २०८०/०२/२२ LT. No 287221 चलानी नं. ६०२०२५७१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 12 | 0 | 1800 | ६३,५२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेष्ठ ३० गते (13th June. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**HR International Pvt. Ltd.**
License No. : 1491/074/075
Maharajgunj, Kathmandu, Nepal, Tel : +977-01-4375699, 4375807,
Mob No. 9803033220, 9817946907, E-mail : hrinternational83@gmail.com

---

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : RANGERS SECURITY SERVICES WLL

पूर्व स्वीकृति मिति २०७९/०८/०८ पुन विज्ञापन स्वीकृति मिति २०८०/०२/२२ LT. No. 276451 चलानी नं. ६०१९२१५१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 14 | 0 | 1500 | ५४,६०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ALBAHER CLEANING AND HOSPITALITALY SERVICES

पूर्व स्वीकृति मिति २०८०/०२/१९ LT. No. 287070 चलानी नं.६०२०२५६४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Clean Worker | 0 | 10 | 1000 | ३६,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Labor | 10 | 0 | 1000 | ३६,३०० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: होटल रेड कार्पेट, चितवनमा मिति: २०८० जेष्ठ ३० गते (13th June. 2023) मा हुनेछ ।**
**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेष्ठ ३१ गते (14th June. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**दियालो इन्टरनेशनल इम्प्लोएमेन्ट एजेन्सी प्रा. लि.**
Licence No.: 811/065/066
पो.ब. नं.: २०१९, सिनामंगल काठमाडौं, फोन नं. ०१-४५६०९२२, ४५६०६००,
ईमेल : diyalointl@gmail.com, www.diyalo.com.np

---

## टोखा शिवपुरी खानेपानी व्यवस्थापन समिती

**टोखा नगरपालिका, काठमाडौँ**
**बागमती प्रदेश, नेपाल**

### संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन तयारी सम्बन्धि सार्वजनिक सुनुवाईको सूचना

**(प्रथम पटक प्रकाशित मिति: २०८०/०२/२३)**

काठमाडौँ जिल्लाको टोखा नगरपालिका वडा नं. २ मा प्रस्तावक श्री टोखा शिवपुरी खानेपानी व्यवस्थापन समिती, टोखामा निम्न बमोजिमको प्रस्ताब कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना: | नाम: टोखा शिवपुरी खानेपानी व्यवस्थापन समिती<br>ठेगाना : टोखा नगरपालिका, काठमाडौँ बागमती प्रदेश, नेपाल |
| प्रस्तावको व्यहोरा | टोखा शिवपुरी खानेपानी आयोजना निर्माण : संकलन ट्यांकी, भण्डारण ट्यांकी, प्रसारण पाइप लाईन, वितरण लाईन तथा वितरण प्रणाली आदि |
| प्रभाब पर्न सक्ने जिल्ला न.पा./वडा | काठमाडौँ जिल्ला, टोखा नगरपालिका वडा नं. २ |

माथि उल्लेखित प्रस्ताबको कार्यान्वयनबाट आयोजना क्षेत्रको जैविक, भौतिक, सांस्कृतिक, सामाजिक, आर्थिक प्रणाली बिच बीच के कस्तो सकारात्मक तथा नकारात्मक प्रभाव पर्दछ भनी यकिन गर्न संक्षिप्त वातावरणीय अध्ययन सम्बन्धि प्रतिवेदन तयार गर्नुपर्ने भएकोले उक्त प्रतिवेदन तयारीको सिलसिलामा आयोजना संचालन हुँदा प्रभावित हुने न.पा. क्षेत्रका स्थानीय समुदाय, जनप्रतिनिधिहरु, उपभोक्ता समूह, विद्यालय, अस्पताल तथा सरोकारवाला व्यक्ति तथा संध संस्थाहरुबाट राय सुझाव तथा प्रतिक्रिया प्राप्त गर्न सार्बजनिक सनुवाई गर्नुपर्ने भएकाले यस प्रस्तावसंग सम्बन्ध राख्ने सम्पूर्ण सरोकार वालाहरुलाई निम्न लिखित मिति, स्थान तथा समयमा उपस्थिति हुन यो सूचना प्रकाशित गरिएको छ।

| | |
|---|---|
| स्थान | टोखा नगरपालिका वडा नं. २ को कार्यालय |
| मिति | २०८०/०२/२७ गते शनिवार |
| समय | बिहानको ७.०० बजे |

---

## साउदी अरेबियामा रोजगारको अवसर

कम्पनी: DURRAT AL-RIMAL RESTAURANT CO

पूर्व स्वीकृति मिति २०७८/०९/१९ पुन विज्ञापन स्वीकृति मिति २०८०/०२/२२ LT. No.255237 चलानी नं. ६०१७१८९७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Restaurant Worker | 1 | 0 | 1200 | ४२,३५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेष्ठ ३० गते (13th June. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Nasser Outsourcing Consultants Pvt. Ltd.**
श्रम ईजाजत नं. ६१९/०६३/०६४
Ratopool-9, Kathmandu, nepal, Tel: +977-1-4465090 (6 Line), Fax: +977-1-4411950,
Email: nocnepal@nassers.org

---

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : CHINA RAILWAY 18TH BUREAU GROUP L.L.C.

पूर्व स्वीकृति मिति २०८०/०२/२१ LT. No. 287190 चलानी नं. ६०२०२५८०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 100 | 0 | 1000 | ३६,०८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Mason | 100 | 0 | 1200 | ४३,३०५ | | | | | | | |
| 3 | Shuttering Carpenters | 100 | 0 | 1200 | ४३,३०५ | | | | | | | |
| 4 | Steel Fixer | 100 | 0 | 1200 | ४३,३०५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान र मिति:**
**काठमाण्डौ - (Nile Technical Training Institute)मा मिति: २०८० जेष्ठ ३० र असार १ गते (13/16th. June 2023) मा हुनेछ ।**
**धनुषा, जनकपुर -(PIT Training Center)मा मिति: २०८० जेष्ठ ३१ गते (14th. June 2023) मा हुनेछ ।**
**झापा, विर्तामोड -(Jhapa Prabidhik Sichhalaya)मा मिति: २०८० जेष्ठ ३२ गते (15th. June 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**KANCHAN HUMAN RESOURCES MANAGEMENT PVT. LTD.**
Govt. License 593/062/63
(Nearby International Airport, Next to Hotel Hema) Sinamangal-9, Kathmandu, Nepal
Telephone: 014564708, Mobile: 9851078211, 9851080486

---

## सिंगटी हाइड्रो इनर्जी लि.

SINGATI HYDRO ENERGY Ltd.

का.म.न.पा वडा नं. १, काठमाण्डौ, फोन नं. ०१-४५४३२०२
Email: shehydro@gmail.com, web: www.singatihydro.com

को

### बाह्रौं र तेह्रौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति : २०८०/०२/२३ गते)**

यस सिंगटी हाइड्रो इनर्जी लि. को मिति २०८०/०२/२२ मा बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार कम्पनीको बाह्रौं र तेह्रौं (पब्लिक लिमिटेड भए पश्चात् चौथो र पाँचौं) वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा देहायका विषयहरूमा छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७(२) बमोजिम सम्पूर्ण शेयरधनीहरूको जानकारी तथा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**वार्षिक साधारण सभा हुने मिति, समय र स्थान :**

**मिति** : २०८० साल आषाढ १३ गते बुधबार
**समय** : विहानको ठीक ११ बजे ।
**स्थान** : धुम्रबराह भेन्यु, धुम्वाराही, काठमाण्डौ ।

**वार्षिक साधारण सभामा पेश हुने छलफलका विषयहरु :**

**(क) सामान्य प्रस्ताव :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत हुने आर्थिक वर्ष २०७७/७८ र २०७८/७९ को वार्षिक प्रतिवेदन/आर्थिक विवरण उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।
२. कम्पनीका लेखापरीक्षकद्वारा पेश भएको आ.व.२०७७/७८ र २०७८/७९ का वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह लगायतका वित्तीय विवरणहरू सहितको लेखा परीक्षण प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।
३. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०७९/८० का लागि लेखापरिक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
४. समुह (क) बाट ४ जना र समुह (ख) बाट २ जना सञ्चालकहरुको निर्वाचन गर्ने सम्बन्धमा ।

**(ख) विशेष प्रस्ताव :**

१. कम्पनीको रजिष्टर्ड कार्यालय परिवर्तन गर्नका लागि प्रबन्धपत्रको दफा २ र नियमावलीको नियम २ मा संशोधन गर्ने सम्बन्धमा ।
२. हकप्रद शेयर प्रयोजनका लागि कम्पनीको पूँजी वृद्धि गर्ने गरी प्रबन्धपत्रको दफा ६ को (क), (ख) र (ग) मा संशोधन गर्ने सम्वन्धमा ।
३. कम्पनीले १:१ को अनुपातमा हकप्रद शेयर निष्काशन गर्ने सञ्चालक समितिको प्रस्तावित निर्णय बमोजिम विद्युत नियमन आयोगबाट सहमती प्राप्ती पश्चात् अनुमोदन तथा पारित गर्ने तथा संस्थापक शेयरधनीहरुबाट शेयर वापतको एडभान्स रकम उठाउने साथै नियमनकारी निकायहरुबाट कुनै संशोधन तथा निर्देशन भएमा सोही बमोजिम गर्न गराउन सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।
४. कम्पनीको नियमावली तथा प्रबन्ध पत्रमा संशोधन र हकप्रद शेयर सम्बन्धी पारित प्रस्ताव नियमनकारी निकायहरुबाट स्वीकृत लिने क्रममा आवशयक थपघट वा परिमार्जन गर्नु परेमा सो कार्य गर्न गराउन सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।
५. हकप्रद शेयर जारी गर्दा कुनै शेयरधनीले आफूले लिन पाउने हकप्रद शेयर लिने इच्छा नगरेमा हक हस्तान्तरण गर्न र सो वापतको रकम दाखिला गरी अर्को शेयरधनीले हकप्रद शेयर लिन पाउने सम्बन्धमा ।

**(ग) विविध :**

### साधारण सभा सम्बन्धी सामान्य जानकारी

१. यस सिंगटी हाईड्रो इनर्जी लिमिटेडको बाह्रौं र तेह्रौं (पब्लिक लिमिटेड भए पश्चात् चौथो र पाँचौं) वार्षिक साधारण प्रयोजनका लागि मिति २०८०/०२/३१ बुधबारका दिन यस कम्पनीको शेयर दाखिल खारेज दर्ता कार्य बन्द (Book Close) रहनेछ । नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा मिति २०८०/०२/३० गते मंगलबारसम्म नेप्सेमा कारोबार भई प्रचलित कानून अनुसार तोकिएको समयावधि भित्रमा यस कम्पनीको शेयर रजिष्ट्रार मेगा क्यापिटल मार्केट्स लिमिटेड त्रिपुरेश्वर काठमाण्डौमा प्राप्त शेयर नामसारी विवरणको आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरुले मात्र वार्षिक साधारण सभामा भाग लिन र मतदान गर्न पाउने छन् ।
२. वार्षिक साधारण सभामा भाग लिने शेयरधनी महानुभावहरुले आफ्नो परिचय खुल्ने प्रमाण वा फोटो सहितको परिचयपत्र अनिवार्य रुपमा साथमा लिई आउनुपर्नेछ ।
३. साधारण सभामा भाग लिन प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले प्रचलित कम्पनी सम्बन्धी कानूनले तोकेको ढाँचामा प्रतिनिधिपत्र (प्रोक्सी) फारम भरी सभा हुनुभन्दा कम्तिमा ४८ घण्टा अगावै अर्थात् मिति २०८०/०२/११ गते बिहान ११ बजेभित्र कम्पनीको केन्द्रिय कार्यालय काठमाण्डौमा प्रतिनिधिपत्र (प्रोक्सी) दर्ता गराइसक्नु पर्नेछ । कम्पनीको शेयरधनी बाहेक अरुलाई प्रतिनिधिपत्र (प्रोक्सी) दिन पाइने छैन ।
४. शेयरधनी महानुभावहरुको उपस्थिति पुस्तिका साधारणसभा स्थलमा बिहान १०:०० बजेदेखि खुल्ला रहने छ ।
५. वार्षिक साधारण सभा सम्बन्धी अन्य जानकारी वा साधारण सभामा पेश हुने विवरणहरु सम्बन्धमा कुनै जानकारी आवश्यक भएमा कम्पनीको वेभसाइट www.singatihydro.com बाट वा कार्यालय समयभित्र कम्पनीको केन्द्रिय कार्यालयको टेलिफोन नं. ०१-४५४३२०२ र ४५४३२०३ बाट प्राप्त गर्न सक्नु हुनेछ ।


**सञ्चालक समितिको आज्ञाले,**
**कम्पनी सचिव**

## 'अगस्त्यः च्याप्टर वान'को छायांकन सुरू

फिल्म 'अगस्त्यः च्याप्टर वान'को छायांकन सुरू भएको छ । भारतको गोखरपुर मन्दिरमा क्यामेरा, स्क्रिप्ट र क्ल्याप पूजा गर्दै फिल्मको छायांकन सुरू गरिएके हो । फिल्मका निर्देशक सौरभ चौधरी हुन् । ६० दिनको सेड्युल राखिएको फिल्मको २५ दिनसम्म गोखरपुरमा नै छायांकन हुनेछ । त्यसपछि नेपालको नवलपरासी, भैरहवा र काठमाडौंमा छायांकन हुने निर्देशक चौधरीले बताए । सौगात मल्ल, नाजिर हुसेन र मालिका महतको मुख्य भूमिका रहने फिल्मको गोखरपुरमा सेट बनाएर छायांकन गर्न लागिएको हो । फिल्मको चरित्रका लागि सौगातले २० केजी तौल घटाएका छन्, भने नाजिरले २० केजी तौल बढाएका छन् । सौगात र नाजिरको एक्सन समेत रहने फिल्म दुई शृत्तलामा बन्न लागेको हो । फिल्ममा प्रमोद अग्रहरी, रवीन्द्र झा र विजय बरालको पनि अभिनय रहनेछ ।



# 'कडी'को पोखरामा शुभमुहूर्त



**काठमाडौं (प्रस)–** दश वर्ष अघि 'नाइके' निर्देशन गरेका नेत्र गुरुङको निर्देशन रहने चलचित्र 'कडी'को शुभमुहूर्त गरिएको छ । नेत्र इन्टरटेन्मेन्ट ब्यानरमा सुस्मिता फिल्मस्को सहकार्यमा बन्न लागेको चलचित्रको सोमबार पोखराको विन्ध्यावासिनी मन्दिरमा शुभमुहूर्त गरिएको हो ।

कार्यक्रममा संकृतीकर्मी तीर्थ श्रेष्ठले माइती घर चलचित्रको कालाकोटैले भन्ने गीतको छायाँकन समेत विन्ध्यावासिनी मन्दिरमा गरिएको जानकारी गराउँदै आज कडीको शुभमुहूर्त गर्न पाउँदा खुसी लागेको बताए ।

पोखरा प्राकृतिक स्टुडियो भएकाले थुप्रै चलचित्रहरू सुटिङ हुने गरेको उल्लेख गर्दै श्रेष्ठले भारतीय नायक देवानन्दले समेत पोखरामा धेरै चलचित्रहरू सुटिङ गरेको जानकारी गराए । हरेराम हरेकृष्ण जस्ता चलचित्रहरू पोखरामा नै छायाँकन गरिएको भनाई उनको छ ।

श्रेष्ठले नेपाली चलचित्र विश्वमाझ पुऱ्याइ आफूलाई स्थापित गर्न नसकेको प्रति दुःख व्यक्त गरे । यस्तोमा नेपाली समाजका थुप्रै कडीलाई मोडेर आफूलाई अगाडि बढाउन र नेपाली चलचित्रको उन्नयनमा 'कडी' महत्वपूर्ण साबित हुनेमा विश्वस्त रहेको उनको भनाई थियो ।

कार्यक्रममा कलाकार माओत्से गुरुङले नेत्र गुरुङ म्युजिक भिडियो र सर्ट फिल्ममा चिरपरिचित नाम भएको उल्लेख गरे । उनले पोखराबाट बन्ने चलचित्रको शुभमुहूर्तमा सहभागी हुन पाउँदा खुसी लागेको बताए ।

चलचित्र निर्देशक घनश्याम लामिछानेले 'कडी' नेपाली चलचित्र क्षेत्रका लागि नौलो बन्नेमा आफू विश्वस्त रहेको बताए । दश वर्ष अगाडि बनाएको नाइके पछिको ग्यापलाई चिर्ने गरी कडी अगाडि बढोस् भन्दै उनले शुभकामना दिए ।

नेत्र गुरुङले कडी आफ्ना लागि ड्रिम प्रोजेक्ट भएको उल्लेख गरे । म्युजिक भिडियोका लागि तयार पारिएको कथा चलचित्र बन्ला भनेर आफूले कल्पना समेत नगरेको भनाई उनको छ । पोखरा आसपास छायाँकन हुने चलचित्र सस्पेन्स थ्रिलर जनरामा बन्नेछ । शुभमुहूर्त पछि पाँच दिनको वर्कसप पश्चात 'कडी' छायाँकनमा जानेछ ।

# रोयल्टी संकलनका लागि सम्झौता

■ प्रभाव संवाददाता



**काठमाडौं–** प्रस्तोता समाज नेपाल, संगीत रोयल्टी संकलन समाज नेपाल र संगीत तथा चलचित्र उत्पादक समाज नेपाल र चिरायु अस्पतालबीच रोयल्टी संकलन सम्बन्धमा सोमबार सम्झौता भएको छ ।

प्रस्तोता समाजका कार्यवाहक अध्यक्ष निर्णय श्रेष्ठ, रोयल्टी संकलन समाज नेपालका कार्यवाहक अध्यक्ष चन्द्र शर्मा र संगीत तथा चलचित्र उत्पादक समाज नेपालका अध्यक्ष सूर्यबहादुर मगर तथा अस्पतालका निर्देशक सञ्जीवराज भण्डारीबीच अस्पतालमा गीत संगीतको सार्वजनिक प्रयोग भएवापत रोयल्टी संकलनको सम्झौता भएको हो । संगीत तथा चलचित्र उत्पादक समाज नेपालका अध्यक्ष मगरले अस्पतालले तीनवटै सिएमओका सदस्यहरूलाई उपचारमा हुने छुटको समेत महत्वपूर्ण सम्झौता गरिएको बताए ।

'प्रतिलिपि अधिकार ऐन २०५९ को दफा ३९ बमोजिम गठित हाम्रो संस्थाले प्रतिलिपि अधिकार ऐन २०५९ को नियमावली ६१ को नियम १० मा उल्लेख भए बमोजिम गीत संगीत को सार्वजनिक प्रयोग भएवापत सिर्जित संगीत रोयल्टी संकलनको काम गरिरहेका छौं,' उनले भने,'अस्पतालमा सेवाग्राहीको सुविधाका लागि राखिएका टेलिभिजनमा विभिन्न श्रव्यदृश्य गीत संगीतको प्रसारण हुने भएकाले ती प्रसारित सामाग्रीवापतको रोयल्टीका विषयमा सम्झौता भएको हो ।'

उनले आगामी दिनहरूमा समाजले पहिचान गरेको गीत संगीतको सार्वजनिक प्रयोग हुने सम्पुर्ण क्षेत्रहरूमा सम्झौता गर्दै जाने उल्लेख गरे ।

अस्पतालका निर्देशक भण्डारीले नेपाली गीत संगीतको श्रीवृद्धिका लागि गरिने रोयल्टी संकलनमा अस्पतालले पनि सहकार्य गर्न पाएकोमा खुशी व्यक्त गरे ।

सम्झौता कार्यक्रममा अस्पतालका बिजनेश डेभलप्मेन्ट म्यानेजर हिमाल राना, आईटी अफिसर बसन्त खनाल, एडमिन अफिसर लक्ष्मी अधिकारी, बिजनेश डेभलप्मेन्ट अफिसर नवराज भुजेल, मार्केटिङ अफिसर किरण फुयाल र फ्रन्ट अफिसर इन्चार्ज सृष्टि डंगोलको उपस्थिति थियो ।

# असोजमा कर्णाली अन्तर्राष्ट्रिय चलचित्र महोत्सव

**काठमाडौं –** कर्णाली अन्तर्राष्ट्रिय चलचित्र महोत्सव २०८० हुने भएको छ । सोमबार काठमाडौंमा एक कार्यक्रमका बीच यसबारेमा जानकारी गराइएको हो ।

महोत्सव आगामी असोज ४, ५ र ६ गते सुर्खेतमा हुनेछ । सोमबार महोत्सवको लोगो अनावरण तथा औपचारिक घोषणा कार्यक्रममा बोल्दै राष्ट्रिय प्रजातन्त्र पार्टीका सांसद ज्ञानबहादुर शाहीले रारा क्षेत्र जोड्ने सडकका लागि बजेट छुट्टाउन सरकारले आनाकानी गरेको बताए ।

उनले आफ्नो कार्यकालभित्रै रारामा सडक पूर्वाधार जोड्ने र त्यसका लागि सडक र संसद् अवरोध गर्न पनि तयार रहेको बताए । चलचित्र क्षेत्रले हजारौंको रोजीरोटी निर्माण गरेपनि चलचित्रको क्षेत्रमा बजेट आउन नसकेको उनले बताए ।



कार्यक्रममा राष्ट्रिय प्रजातन्त्र पार्टीकी महामन्त्री कुन्तीकुमारी शाहीले अहिले देशमा केही पनि गर्ने अवस्था नरहेको तर कर्णालीका युवाहरू मिलेर यो महोत्सव सुरु गर्नु उदाहरणीय भएको बताइन् । उनले देशलाई चलचित्रबाट कसरी धनी देश बनाउने भन्ने अभियान सुरु गर्नु देशकै लागि गर्वको कुरा भएको बताइन् । उनले विदेशीहरू लोभिएर एक पटक नेपाल घुम्न जान पाए हुन्थ्यो भन्ने प्राकृतिक सम्पदा नेपालमा रहेको भएपनि सरकारले यस्ता क्षेत्रको उजागर गर्न नसकेको बताइन् ।

महोत्सवले सरकारको नेपाल घुमौं, नेपाल चिनौं भन्ने अभियानमा कर्णालीमा आन्तरिक तथा बाह्य पर्यटक फिल्म निर्माताहरूलाई भित्र्याउने उद्देश्य रहेको उनले बताइन् ।

# 'लुङा'को 'फर्स्ट लुक'

**काठमाडौं (प्रस)–** फिल्म 'लुङा' को फर्स्टलुक पोस्टर सार्वजनिक गरिएको छ । सार्वजनिक फर्स्टलुकमा फिल्मका मुख्य पात्रलाई स्थान दिइएको छ । बुद्धि तामाङ, भुवन सिंह राई र सारा लोहोरुङ राई पोस्टर देखिएका छन् । लिम्बु कल्चरमा बनेको फिल्म ५ श्रावणबाट देशभर प्रदर्शनमा आउँदैछ । फिल्मका निर्देशक किरण राई हुन् । फिल्मका निर्माता ज्योतिराज राई हुन् ।

भुमिसा प्रोडक्सनले निर्माण गरेको यो फिल्म यसै साता सम्पन्न हुने दोस्रो नेपाल ग्रामीण फिल्म महोत्सवमा पनि प्रिमियर हुनेछ ।

फिल्मका निर्माता सन्जिब राई, प्रयास घिमिरे कार्यकारी निर्माता र शान्ता पौडेल, मनिशा पाठक, मेनुका घिमिरे, कैलाश राई, टि आर साम्सोहाङसह निर्माता रहेका छन् ।

पूर्वका खबिभिन्न स्थानमा छायांकन भएको फिल्ममा बुद्धि तामाङ, भुवन सिंह राई, सारा लोहोरुङ राई, भीम शर्मा लिम्बू, प्रकाश दाहाल, अनुप लिम्फि, सुदिप जंग कार्की, गङ्गा बहादुर राई, सम्झना लिम्बू, रमेश बुढाथोकी, निशान लुइँटेल, स्मृति पोखरेल, सलिना गुरुङको अभिनय छ ।

भुवन सिंह राईले लेखेको कथालाई भुवन सिंह राई, प्रयास घिमिरे र निश्चल सापकोटाले पटकथामा ढालेका छन् । फिल्मलाई काठमाडौंमा जिजिए ग्रूप र काठमाडौं बाहिर एफडि कम्पनीले वितरणको जिम्मा लिएको छ ।






## एएफसी यू-२० महिला एसियन कप


# हामी जित्नैका लागि मैदान उत्रिनेछौं : प्रशिक्षक गुरूङ

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली यू-२० महिला टोलीका मुख्य प्रशिक्षक यमप्रसाद गुरुङले विपक्षी बलिया भए जित्ने लक्ष्यका साथ मैदान उत्रिने बताएका छन् ।

एएफसी यू-२०महिला एसियन कप छनोटको दोस्रो चरण खेल्नु अघिको पत्रकार सम्मेलनमा प्रशिक्षक गुरुङले जित्नकै लागि मैदान उत्रिने बताएका हुन् ।

'पहिलो चरणको सफलताले टिमको मनोबल बढाएको छ, टिममा एकता छ, हामीमा कुनै पनि टिमलाई हराउन सक्ने क्षमता छ, हामी हरेक म्याच जित्नकै लागी खेल्छौं,' प्रशिक्षक गुरुङले भने 'फिफा वरीयतामा हामी भन्दा माथी भएका टिमहरू छन् तर उच्च मनोबलका साथ मैदान उत्रनेछौं ।'



नेपालले एएफसी यू-२० महिला एसियन कप छनोटको दोस्रो चरणको पहिलो खेलमा मंगबार घरेलु टोली म्यानमारसँग प्रतिस्पर्धा गर्दैछ ।

नेपाल र म्यानमारबिचको खेल नेपाली समयअनुसार साझँ ५;४५ बजे सुरु हुनेछ । छनोटको समूह 'बी' मा नेपाल चीन, म्यानमार र चाइनिज ताइपेइ छन् । यसैगरी नेपालले जुन ८ मा चीन तथा जुन १० मा चाइनिज ताइपेइसँग खेल्नेछ । नेपालले प्यालेस्टाइनमा भएको पहिलो चरणमा घरेलु टोली प्यालेस्टाइन र उत्तरी मरियाना आइल्याण्डलाई समान ६-० ले पराजित गर्दै दोस्रो चरणमा प्रवेश गरेको थियो ।

**गोलकिपर**: **कविता विक, लिला जोशी, सावित्री किसान**

**रक्षक**: **सबिना चौधरी, तुलसा बोहरा, सुनिता भुलन, सिम्रन राई, दिव्या यस्माली मगर, प्रतिक्षा चौधरी, सजनी थोकर, कुमारी तामाङ**

**मिडफिल्डर**: **सरस्वती हमाल, मनमाया दमाई, सुनकला राई, दीपा शाही, हिमा रावत, सुष्मा जिटी, अञ्जली माचामासी, सारा बज्राचार्य**

**फरवार्ड**: **अमिषा कार्की, ममता पुन, गरिमा राई, सदिपा भोलन**

## संकटमा एमाले...

पृष्ठ १ बाट जारी

निर्मला लिम्बूले सरकार छाडिसकेकी छन् । स्वास्थ्यमन्त्री रहेकी लिम्बूले यही १७ जेठमा सरकार छाडेकी हुन् । कोशीमा जसपाको एकमात्र सांसद रहेको छ । कार्की नेतृत्वको प्रदेश सरकारमा माओवादीका दुर्गाप्रसाद चापागाईं भौतिक पूर्वाधार र जीवन आचार्य पर्यटनमन्त्री छन् ।

माओवादी अब सरकार छाड्ने मनासायसहित सोमबारबाट छलफलमा जुटेको छ । बजेटअघि नै सरकार छाड्ने तयारीमा रहेको माओवादी आफ्नै नेतृत्वमा सरकार बनाउने तयारीका साथ छलफलमा जुटेको बताइन्छ । सोमबार के निर्णय भयो भन्ने विषयमा माओवादी नेताहरूले बोल्न मानेका छैनन् । माओवादी संसदीय दलले सरकार छाड्ने निर्णय गरिसकेको तर केन्द्र र प्रदेश कमिटिसँग थप छलफल गरेरमात्र पक्का निचोड निस्कने बताइएको छ । माओवादी सांसद गणेश उप्रेतीका अनुसार आज (मंगलबार) प्रदेश कमिटीसँग छलफल गरिँदै छ ।

### यस्तो छ अंकगणित

९३ सदस्यीय प्रदेशसभामा बहुमतका लागि ४७ मत आवश्यक पर्छ । अहिले एमालेको ४०, माओवादीको १३ र राप्रपाको छ गरी ५९ जना सांसदको समर्थनमा सरकार टिकेको छ । माओवादीले सरकार छाड्नसाथ एमाले नेतृत्वको सरकारलाई ४६ सांसदको मात्र समर्थन हुनेछ । जबकि, प्रदेशसभामा बहुमतका लागि ४७ सिट आवश्यक पर्छ । त्यसो त कांग्रेसको २९, माओवादी केन्द्र १२, एकीकृत समाजवादी पार्टीका चार र जनता समाजवादी पार्टी (जसपा)को एक गरी अर्को गठबन्धनसँग पनि ४६ सांसद नै छ । यसले गर्दा सभामुख निर्णयक बन्नुपर्ने देखिन्छ ।

